मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## आवश्यकता

**पदः** पृष्ठ संयोजक/उपसम्पादक

**संख्याः** २

**जिल्ला संवाददाताः** ११

(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)

**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन २२ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि

madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक ११७ ● २०८१ साल फागुन २३ गते शुक्रबार ● Friday 07, March 2025 ● सूर्योदयः बिहान ६:२३ बजे ● सूर्यास्तः साँझ ६:०९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# वीरगंज गोल्डकपः पुलिससँग मछिन्द्र आमनेसामने



**मधेशदृष्टि**
**वीरगंज ।**
विभागीय टोली मछिन्द्र फुटबल क्लब काठमाडौँ दोस्रो वीरगंज गोल्डकप फुटबल प्रतियोगितामा नेपाल पुलिस क्लबसँग आमनेसामने भएको छ । आर्दशनगर खेलमैदानमा बिहीबार भएको दोस्रो सेमिफाइनल खेलमा सहलेश फुटबल क्लब सिरहालाई ३–१ गोलअन्तरले हराउँदै मछिन्द्र फुटबल क्लबले फाइनलको यात्रा तय गरेको हो ।

खेलमा शुरुदेखि आक्रमक मछिन्द्रले खेलको १० औँ मिनेटमै पहिलो गोल गरेर अग्रता बनाएको थियो । मछिन्द्रका स्ट्राइकर स्टेफन जालीले पहिलो गोल गरे । खेलमा हाबी मछिन्द्रले १३ औँ मिनेटमा अर्को गोल गरेपछि उसका लागि मैदान जितको सहज बनेको थियो । दोस्रो गोल पनि स्टेफन जालीले नै गरेका थिए । खेलको ६५ औँ मिनेटमा फेरि मछिन्द्रले अर्को गोल गर्दै खेलमा आफ्नो दबाब कायम राखेको थियो । तेस्रो गोल आदित्य शाक्यले गरेका थिए ।

खेलमा कमजोर देखिएको सहलेश फुटबल क्लबले इन्ज्युरी समयको दोस्रो मिनेटमा सान्त्वनाबापत एक गोल गरेर चित्त बुझाएको थियो । शनिबार हुने दोस्रो वीरगंज गोल्डकप फुटबल प्रतियोगितामा उपाधीका लागि यसअघि नै साविकको विजेता नेपाल पुलिस क्लबले यात्रा तय गरिसकेकाले उसको अबका भिडन्त मछिन्द्र फुटबल क्लबसँग हुनेछ ।

बिहीबारको खेलमा म्यान अफ दि म्याच मछिन्द्र फुटबल क्लबका स्टेफन जाली घोषित भए । उनले नगद १० हजार रुपैयाँ र शिल्ड प्राप्त गरे ।

# पांग्रा जनकपुरमा प्लेन काठमाडौँमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राजधानी काठमाडौँसँग सिधा हवाई सम्पर्कमा कति जोखिम छ भन्ने बेलाबखत घटना बाहिर आइरहन्छ । कहिले काठमाडौँ उडेको विमान कुनै शहर पुर्याउनु पर्ने त कहिले आकाशमै फन्को लगाउनु पर्ने मात्र नभए कहिले चरासँग ठोक्किने नियती नेपाली आन्तरिक हवाई उडानले भोगिरहन्छ । मधेश प्रदेशको राजधानी जनकपुरबाट यात्रु बोकेर गएको बुद्ध एयरको जहाज काठमाडौँ पुग्दा एउटा पांग्रा भने जनकपुरमै छुटेको घटना सार्वजनिक भएको छ ।

विमानको एउटा पाङ्ग्राबिना नै विमानले काठमाडौँमा सुरक्षित अवतरण गरेकाले यात्रु र हवाई कम्पनीले कुनै क्षति बेहोर्नु परेको छैन । तर हवाई उडानमा हुने लापरबाही भने छताछुल्ल भएको छ । बिहीबार दिउँसो ४ः३९ बजे जनकपुरबाट काठमाडौँ उडेको उडान नम्बर ५०६, कलसाइन ९ एन–एएनएज रहेको जहाज काठमाडौँमा ५ बजेर ६ मिनेटमा अवतरण भएको थियो । अवतरणक्रममा मात्र अगाडिको पाङ्ग्रा नभएको उडान दलका सदस्यले थाहा पाएका थिए । नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता ज्ञानेन्द्र भुलले काठमाडौँमा अवतरण भइसकेपछि मात्रै जहाजको अगाडिको पाङ्ग्रा नभएको थाहा भएको पाइएको बताए । पोस्ट फ्ल्याइट चेकमा अगाडिको नोज ल्यान्डिङ गियरको टायर नभेटिएको टायर जनकपुर एयरपोर्टको रनवेमा भेटिएको थियो । जहाज ग्राउन्डेड गरेर अनुसन्धान थालिएइको छ ।

# राजतन्त्र ब्युँतने सपना नदेखे हुन्छः प्रधानमन्त्री

**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक आत्मनिर्भरताको बाटोमा लाग्नुको विकल्प नभएको बताएका छन् । गौशाला नगरपालिका–१, रामनगरमा नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज उद्घाटन गर्दै उनले औद्योगिक विकास र रोजगारी सृजनामा प्राथमिकता दिइने बताए ।

उनले भने, 'अब हामी आत्मनिर्भरताको बाटोमा लाग्नुको विकल्प छैन । सहकार्यका माध्यमबाट युवाले आँप खेती विकास गर्न सक्छन्, यसमा प्रदेश सरकारहरु पनि अघि सरुन् ।' प्रधानमन्त्री ओलीले निजी क्षेत्रको प्रयासबिना समृद्धि हासिल नहुनेमा सरकार स्पष्ट रहेको बताए ।

उनले कागज उद्योग स्थापनाले चुलोचौकोमा सीमित सर्वसाधारणले सीप सिक्नुका साथै रोजगारी सृजना हुने बताए । देशभित्र कागज प्रयोग गर्ने अवसर र व्यापार घाटा सन्तुलनका लागि यस उद्योगले योगदान दिई आत्मनिर्भर बनाउन सहयोग गर्ने विश्वास उनको थियो ।

प्रधानमन्त्री ओलीले वर्तमान सरकार केबल सरकारका लागि नभएर देश बनाउन आएको बताए । उनले हुलाकी राजमार्ग, सुनकोशी मरिणलगायतका योजना छिटो सम्पन्न गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'अब अराजकता, बलमिच्याइँ र जालझेल चल्दैन ।' उनले मुलुकमा राजतन्त्र नफर्कने उल्लेख गर्दै सबै संविधानअनुसार चल्नुपर्नेमा जोड दिए ।



आइएमई ग्रुपले स्थापना गरेको उद्योग सञ्चालनमा आएसँगै प्रयोग भइसकेका कागजबाट नेपालमै नयाँ कागज उत्पादन गर्न सकिने जनाइएको छ । यसले कागज आयातमा कमी आउनेछ भने उद्योगले करिब तीन सयलाई रोजगारी दिने जनाएको छ । नेपालमा वार्षिक करिब डेड लाख मेट्रिक टन कागज खपत हुने गरेको छ ।

# 'नो केबुलकार' लिम्बूहरुको मात्रै होइनः अन्सारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुक्कुमलुङमा केबुलकार निर्माण खारेजीका लागि भइरहेको आन्दोलनमा पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले समर्थन जनाएको छ । काठमाडौँको माइतीघर मण्डलामा मुक्कुमलुङ जनताको नो केबुलकार आन्दोलनलाई समर्थन गर्दै नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष

बाँकी पृष्ठ २ मा

# कंचनवन राम खेले होरी....

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

*कंचन वन राम खेलै होरी*
*कंचनवन....*
*किनका के हात कनक पिचाकारी*
*किनका के हात अविर झोरी*
*हो हो किनका के हात अविर झोरी*
*कंचन वन राम खेलै होरी .....*



एकाबिहान महोत्तरीको सीतापुर भंगहा नगरपालिकाको कंचनवनमा मिथिलाको मध्यमिकी परिक्रमाका श्रद्धालु पुग्दा रंग अबिर खेल्दै यस्तै गीत गायन गर्दै होली खेले । मिथिलाको मौलिक होली गीत गाउँदै अबिर उराउदै अबिर होलीको उमंगमा रमे ।

त्रेता युगमा भगवान राम मिथिलामा होली खेल्न आएको र होली महोत्सव महोत्तरीको कंचनवनमा खेलेको धार्मिक विश्वास छ । यसले कंचनवनमा परिक्रमावासीले होली खेलेपछि मिथिलाको औपचारिकरुपमा होली उत्सव शुरु हुने गरेको छ । त्यसपछि गाउँगाउँमा होली गायन शुरु हुने गरेको छ । मिथिलाको गाउँगाउँमा डम्फा र होली गायन शुरुवात हुने गरेको छ । कंचनवनमा भगवानले होली खेलेका कारण अहिले पनि मिथिलाको माध्यमिकी परिक्रममा धुव्रकुण्डपछि जब कंचनवनमा प्रवेश गर्ने गर्न परिक्रमाबासी होलीको रंगमा रंगिन्छन । यहाँ भगवानलाई प्रसाद स्वरुप रंग अबिर नै चढाएर होली खेल्ने गरिन्छ । यसो त साधुसन्त वैराग्य जीवनमा विश्वास गर्छन् । तर कंचनवनमा भने सबै मिलेर रंग अबिर लगाएर गीत गाउँदै आनन्दित हुने गरेका छन् ।

कंचनवन मन्दिरका महन्थ रामेश्वर दास वैष्णवले भगवान राम र सीता यहाँ आएर रंग अबिर खेल्ने गरेका कारण यहाँ आउने श्रद्धालुहरुले पनि परिक्रमामा रंग अबिर खेल्ने गरेको बताए । उनले भने, ' मिथिला महात्मसहित सीता चरित्रामृतजस्ता ग्रन्थमा समेत यहाँ भगवान रामले होली खेलेको सविस्तार चर्चा गरिएको छ ।'

किशोरीजी भगवानका डोलाका महन्थ नवलकिशोर शरणले सीता र रामबीच

बाँकी पृष्ठ २ मा

# १० अस्पताल बन्द गर्न निर्देशन



**आरके श्रीवास्तव**
**रौतहट ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले गरुडा नगरपालिकामा अनधिकृत सञ्चालित १० निजी अस्पताल बन्द गर्न निर्देशन दिएका छन् । मुख्यमन्त्री सिंहले निजी अस्पताल अनुगमनक्रममा सबै अस्पताल वैध ढङ्गले सञ्चालन नभएको पाइएपछि बन्द गर्ने सञ्चालकहरूलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री सिंहले बन्द गर्न निर्देशन दिएका नौ अस्पताल गरुडा नगरपालिका वडा नम्बर ४ का र एउटा अस्पताल वडा नम्बर ५ को हो । प्रदेश स्वास्थ्य तथा

बाँकी पृष्ठ २ मा

# बिटौरी समस्या समाधानमा सहयोग हुन्छः यादव

मनोज माझी
राजविराज ।

राजविराज नगरपालिकाका पूर्वमेयर शम्भु प्रसाद यादवले आफ्नो नाम जोडेर केही व्यक्तिले राजविराजमा रहेको बिटौरी समस्या समाधानमा बाधक बनेको भनी दुष्प्रचार गरेकोप्रति सत्यता नरहेको जिकिर गरेका छन् ।

राजविराजमा बिहीबार पत्रकार सम्मेलन गर्दै उनले समस्या समाधानमा आफू बाधक रहेको प्रमाणित गरे राजनीतिबाटै सन्यास लिने उद्घोष गरे । 'बिटौरी समस्या समाधानबाट रोक्न र हुलाकी राजमार्गलाई सिरहा रोड हुँदै अदालत रोडतर्फबाट लैजान मैले पहल गरेको भनी मेरो बारेमा दुष्प्रचार भएको छ,' उनले भने, 'समस्या समाधानकै लागि आफ्नो स्तरबाट पहल गर्दा गर्दै पनि बदनाम गराउने षड्यन्त्र दुर्भाग्यपूर्ण छ ।'

आफू मेयर रहँदा २०७५ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजविराज नगरपालिकामा रहेको बिटौरी र ब्लक जग्गा समस्या समाधानका लागि आग्रह गरेको बताउँदै उनले अहिले पनि समस्या समाधानमा आफूबाट हुनसक्ने सहयोग र खेल्नुपर्ने भूमिकाका लागि तत्पर रहेको प्रतिबद्धता जनाए ।

तपाईंको कार्यकालमा बैंकहरुले बिटौरी जग्गा धितो राखेर ऋण दिन बन्द गरेको हो नि भन्ने जिज्ञासामा उनले अनलाइनमार्फत जग्गाको श्रेस्ता राख्ने मालपोत कार्यालयमा प्रणाली शुरु भएपछि बिटौरी जग्गा अनलाइनमा नदेखिएकाले त्यस्तो भएको भन्दै आफूले त्यस्तो जग्गामा ऋण प्रवाह गर्न कुनै बाधा रोकतोक नगरेको स्पष्ट पारे ।

पत्रकार सम्मेलनमा वडा नम्बर ७ का निवर्तमान वडाअध्यक्ष माँगीलाल नाइले आफूहरुको कार्यकालमा बिटौरी जग्गा समस्याका लागि पहल भएको दाबीका साथ आगामी दिनमा पनि समस्या समाधानमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

वार्ता र आन्दोलन दुवै

राजविराज नगरबासी पीडित संघर्ष समितिले बिटौरी तथा ब्लक जग्गा समस्या समाधानका लागि शुरु भएको आन्दोलन स्थानीय प्रशासनको आग्रहमा दुई साताका लागि स्थगित भए पनि समस्या समाधान नभए पुनः संघर्षका लागि तयारी अवस्थामा रहन आग्रह गरेको छ । बिहीबार समितिका संयोजक इरसाद अन्सारीले प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेका हुन् ।

'समितिले आन्दोलन शुरु गरेपछि स्थानीय प्रशासन, जनप्रतिनिधिलगायत सरोकारवालाको आग्रहमा भएको वार्तामार्फत दुई सातामा समस्या समाधानको उपाय खोज्ने भनी त्यस अवधिभर आन्दोलन रोक्न गरिएको आग्रहलाई स्वीकार्दै आन्दोलन रोकिएको हो,' विज्ञप्तिमा भनिएको छ, 'माग पूरा हुने अवस्था नदेखिए पुनः आन्दोलनमा उत्रनुको विकल्प छैन ।'

यसबीच भावी आन्दोलनका लागि वडावडामा संघर्ष समिति गठनको काम भइरहेको जानकारीका साथ विज्ञप्तिमा हालसम्म प्राप्त सहयोगका लागि सबैलाई धन्यवाद दिइएको छ । फागुन १८ गते आन्दोलन चर्किंदै जाँदा राजविराज नगरपालिकाकी कार्यबाहक नगरप्रमुख इसरत परविनको अध्यक्षतामा सुरक्षा निकायका प्रमुखसहित बसेको बैठकले १५ दिनभित्र बिटौरी तथा ब्लक जग्गा लगायतका समस्या समाधानका लागि काम गर्ने भन्दै ९ सदस्यीय समिति गठन गरी तत्कालका लागि आन्दोलन स्थगित गर्ने सहमति भएको थियो ।

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
**पर्यटन विकास कार्यालय** ईमेल-ः tdosiraha@gmail.com
लहान, सिरहा

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना।**

(प्रथम पटक प्रकाशित मिति : २०८१।११।२३)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८१।१०।११ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान (e-bidding) सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति २०८१।११।२२ गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ ।

तपशिल :

| सि. नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक) |
|---|---|---|---|---|
| १. | 3/NCB/WORKS /TDOSIRAHA/ 2081/82 | Rajaji Dihbar Marmat tatha nirman Dinabhadri Pokhari ghat nirman Dinabhadri mandir nirman Kabir dharmashala nirman karya Rupani-2 & 3 Bishnupur-3 & 7 | Sky Star Builders Pvt.Ltd, Rajbiraj-8, Saptari | २९,१४,५२७.३४/- |
| २. | 4/NCB/WORKS /TDOSIRAHA/ 2081/82 | Dalit basti ma durgakali maa Bhagwati adhuro mandir nirman khatbe tole munilal khang ghar dekhi hareram mandal ghat samm dhalan karya samudayik bhawan nirman karya Bishnupur-1 & Rajbiraj-1 | Bhawani Construction, Lahan, Siraha | ४१,३१,१८२.१४/- |
| ३. | 5/NCB/WORKS /TDOSIRAHA/ 2081/82 | Jhauhra pokhari ma abhola baba murti nirman saundraykaran adhuro bhole baba mandir nirman dakneshwari mandir saundrakarankarya Rajgadh-3 & Dakneshwari-1 | SGS Construction, Dhangadhi-6, Siraha | ३३,५३,६८०.२०/- |
| ४. | 6/NCB/WORKS /TDOSIRAHA/ 2081/82 | Laxmi Narayan mandir adhuro dharmashala nirman mushari tole ko pokhari saundryakaran tatha ghat nirman Dihbar pokhari saundrya karan ra ghat nirman Golbajar-4, 8 & Sukhipur-5 | SGS Construction, Dhangadhi-6, Siraha | ३५,६३,२११.००/- |
| ५. | 7/NCB/WORKS /TDOSIRAHA/ 2081/82 | nerha nadi ma ghat nirman tatha saundryakaran, Kataha pokhari ma chhath ghat nirman karya Golbajar-13 &Lahan -19 | SGS Construction, Dhangadhi-6, Siraha | ३२,०१,९९५.४५/- |
| ६. | 8/NCB/WORKS /TDOSIRAHA/ 2081/82 | Pokhari ghat nirman aurhi Mahbub pokhari nirman pokhari ghat nirman Naraha Dihbar baba pokhari nirman karya pokhari ghat nirman pokhari saundryakaran tatha ghat nirman karya Aurahi-4, Naraha-2 & Siraha-15 | SGS Construction, Dhangadhi-6, Siraha | ३४,५१,१७३.००/- |

कार्यालय प्रमुख

# 'नो केबुलकार' लिम्बूहरुको...

अन्सारीले सम्बोधन गरे ।

उनले आन्दोलन लिम्बुहरूको आन्दोलन मात्रै नभएको भन्दै सम्पूर्ण नेपालको उत्पीडित जनता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित, महिला र आर्थिक उत्पीडनमा परेका नेपाली जनताको आन्दोलन रहेको बताए । राज्यद्वारा गरिएको दमनको घोर भत्र्सना तथा निन्दा गर्दै उनले दमन र उत्पीडनका घटनामा जिम्मेवार दोषीलाई छानबिन गरी कारबाही गर्न र वार्ताको वातावरण निर्माण गर्न सरकारसँग माग गरे ।

उनले भने, 'सरकारले उत्पीडित जनतालाई आफ्नो अधिकार र पहिचान माग्दा र संवैधानिक अधिकार प्रयोग गर्न खोज्दा जसरी राज्यले दमन गरिरहेको छ र राज्यको त्यो हिम्मत र साहस तथा यति हेप्ने प्रवृत्ति किन भइरहेको छ भने उत्पीडित जनताबीच आपसमा मेल छैन ।' 'राज्यद्वारा जब जनताले जायज माग राख्दा दमन हुन्छ र राज्यले सीमा नाघेर बन्दुकको बलमा शासन गर्न खोज्छ, त्यतिबेला नेपालका सबै उत्पीडित जनताले मिलेर संगठित प्रतिकार गर्ने वातावरण नभएकाले राज्य निरंकुश हुँदै गएको छ,' उनले भने, 'राज्यसँग दम छ भने नेपालको संविधानविपरीत गएर हिन्दू राष्ट्र माग्ने र राजा आऊ देश बचाऊ भन्ने नारा लगाउने प्रतिगामीविरुद्ध कारबाही गरेर जेल हाल्न सकोस् ।'

यसैगरी, उनले रिंकु सदाका हत्यारालाई कडा कारबाही गर्न सरकारले हिम्मत देखाओस् भनेर आवाज उठाए । राज्यद्वारा गरिएको आतंक र निरंकुशता प्रतिगमन तथा मुलुकलाई पश्चगमनतर्फ धकेल्ने सबै प्रयासविरुद्ध नेपालका उत्पीडित जनता एकजुट भई लड्नुबाहेक अर्को कुनै विकल्प नरहेको बताए ।

# १० अस्पताल बन्द गर्न...

जनसंख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोष ठाकुरका अनुसार गरुडा नगरपालिका वडा नम्बर ४ स्थित अरुण सिटी हस्पिटल, अनामिका हस्पिटल, नेत्रज्योति आँखा हस्पिटल, गौर आँखा अस्पताल, गरुडा अस्पताल, रोमा हस्पिटल, होप हस्पिटल, सनसिटी हस्पिटल र सरस्वती हस्पिटल तथा वडा नम्बर ५ स्थित आनन्द हस्पिटल बन्द गर्न मुख्यमन्त्री सिंहले निर्देशन दिएका हुन् ।

बाँकी पृष्ठ २ मा

मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अनिलकुमार कर्णले सेवा सञ्चालन अनुमति नलिएका, त्यस्तो अनुमति लिए पनि चार–पाँच वर्षयता नवीकरण नगराएका र कानूनी प्रावधानविपरीत निर्धारित संख्याभन्दा बढी शय्याको अस्पताल सेवा सञ्चालन अनुमति स्थानीय तहबाट प्राप्त गरेका प्रकृतिका अस्पताललाई प्रदेश सरकार प्रमुख सिंहले बन्द गर्न निर्देशन दिएको जानकारी दिए । जनस्वास्थ्य नियमावली २०७७ अनुसार मापदण्ड पूरा नगरी सञ्चालनमा आएका अस्पताललाई बन्द गर्न अनुगमन टोलीले अनुगमनक्रममै पत्र दिएको छ ।

अनुगमनक्रममा बन्द गर्न निर्देशन दिइएको आनन्द हस्पिटलले स्थानीय तहबाट चालू आर्थिक वर्षमै २५ शय्याको अस्पताल सेवा सञ्चालन स्वीकृति लिएको छ । कानुनअनुसार स्थानीय तहले १५ शय्यासम्मको अस्पताल सेवा सञ्चालन स्वीकृति दिन सक्छ । २५ शय्यादेखि दुई सयसम्म प्रदेश सरकारले र दुई सय शय्याभन्दा माथि सङ्घ सरकारले अस्पताल सेवा सञ्चालन स्वीकृति दिने व्यवस्था छ । स्थानीय तहलाई विशिष्टीकृत अस्पतालको सेवा सञ्चालन अनुमति दिने अधिकार छैन । 'तर, कानूनविपरीत कतिपय स्थानीय तहले अधिकार क्षेत्रभन्दा बाहिर गएर तोकिएको १५ शय्याभन्दा बढी क्षमता र विषयगत अस्पताल सञ्चालन अनुमति दिएको अनुगमनक्रममा मुख्यमन्त्रीज्यूले पाउनुभएको छ । यस्तो अनुमति अवैध हो । त्यसैले मुख्यमन्त्रीज्यूले त्यस्ता अस्पताललाई बन्द गरी कानुनअनुसार विधिसम्मत ढङ्गले अनुमति लिएर मात्र अस्पताल सञ्चालन गर्न निर्देशन दिनुभएको हो,' मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार कर्णले भने ।

# स्थिर सरकार रहे राजनीतिक स्थायित्व

**बागलुङ ।**

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले स्थिर सरकार बने मात्रै राजनीतिक स्थायित्व हासिल गर्न सकिने बताएका छन् । अस्थिरताको दुश्चक्रबाट नेपाललाई बाहिर ल्याउन एमालेले सङ्कल्प गरेको उनले उल्लेख गरे ।

नेकपा एमालेले अघि सारेको वडाकेन्द्रित पार्टी निर्माण अभियानअन्तर्गत बागलुङ जिल्लास्तरीय अन्तरक्रियामा महासचिव पोखरेलले पटकपटक गठबन्धन र सरकार फेरिँदा देशमा अस्थिरता आएको बताए । अवसरवाद र सौदाबाजीका कारण देशमा सरकार टिक्न नसकेको उनको भनाइ थियो ।

महासचिव पोखरेलले नेकपा माओवादी केन्द्रको दोष एमाले र कांग्रसले लिन नसक्ने बताए । अहिलेको गठबन्धनले स्वार्थका लागि सरकार चलाउने परिपाटीको अन्त्य गरेको उनको भनाइ थियो । राजनीतिक स्थिरताका लागि ठूला दल एक हुनुको विकल्प नभएको उनले बताए । जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रमपछि पार्टी गतिविधि र सङ्गठन सुदृढीकरणलाई वडा हुँदै टोल तहमै पु¥याइने एमाले बागलुङका अध्यक्ष हिराबहादुर केसीले जानकारी दिए । रासस

# निशुल्क आँखा शिविर सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**

किरण आँखा अस्पतालको सहयोगमा बिहीबारको दिन सशस्त्र प्रहरी बल नेपाल नं. ४० रिजर्भ गण हेक्वाटर बारा पिलुवाको आयोजनामा निशुल्क आँखा शिविर सम्पन्न भएको छ । उक्त निशुल्क आँखा शिविर कार्यक्रममा प्रमुख अतिथी सशस्त्र प्रहरी बल नेपाल नं. ४० रिजर्भ गण हेक्वाटर बारा पिलुवाका प्रमुखको आतित्थ्यमा सम्पन्न भएको हो । सशस्त्र प्रहरी बल नेपाल नं. ४० रिजर्भ गण हेक्वाटर बारा पिलुवामा रहेका १ सय ५० जनाको निःशुल्क आँखा चेक जाच गरिएको थियोे र निशुल्क आईड्रप पनि दिईएको छ । किरण आखा अस्पताल, वीरगंजको आयोजनामा निःशुल्क आँखा चेक जाँच शिविर सम्पन्न भएको हो ।

# कंचनवन राम खेले होरी....



जनकपुरमा होली यिनै स्थानमा खेलेका कारण यहाँ होलीमा साधुसन्त र परिक्रमाबासीले खेल्ने गरेको बताए । उनले केही वर्ष यहाँ आएर आफ्नो अग्रसरतामा होली भव्य उत्सवका रुपमा गराउने गरिएको बताए । यसले मिथिला परिक्रमालाई थप उत्साहित बनाएको शरणले बताए । फागुन शुक्ल प्रतिपदाबाट शुरु हुने मिथिला मध्यमा परिक्रमा फागुन शुक्ल सप्तमीमा मिथिला बिहारीको डोलासँगै ध्रुवकुण्डबाट कंचनवन पुग्ने गर्छ । यहाँ इच्छावती गंगा र वीरजा गंगाको संगमस्थलसमेत छ ।

इच्छावती नदीले भगवान रामलाई होली उत्सव मनाउन सहयोग गरेको जनविश्वास छ । यो स्थानमा भगवान राम र जानकीले होली पर्व मनाएको विश्वास गरिन्छ । भारतको अयोध्याबाट आएका साधु राम सेवक दासले पहिलोपटक परिक्रमा आएको र यहाँ आएपछि उमंग नै छुट्टै भएको बताए । उनले भने, 'आजसम्म यस्तो उमंग र उत्साह कतै नदेखेको र मिथिलामा देखिएको उमंगले जन्म नै सफल महसुस भएको छ ।'

फागुनको औंशीदेखि पूर्णिमासम्म चल्ने माध्यमिकी परिक्रमामा धनुषा, महोत्तरी र भारत बिहार प्रान्तको सीमावर्ती क्षेत्र अवस्थित धार्मिक ऐतिहासिक र सांस्कृतिक स्थलको ९० किलोमिटर र सीमावर्ती क्षेत्र भारतको ३० किलोमिटरसहित १ सय २० किलोमिटर भूभागमा साधुसन्तलगायत भक्तजनले पैदल यात्रा गर्छन् । बृहत्, मध्य र अन्तरगृह गरी ३ प्रकारको परिक्रमा प्रचलनमा छ । तर विभिन्न समस्याका कारण वर्तमान समयमा मध्य परिक्रमामा रुचि राख्नेको संख्या कमी हुन्छ कि भन्ने आशंका छ । डोलाको पछिपछि परम्परागत बाजागाजा, झाँकी कीर्तनसहित मौलिक पहिरनमा लाखौं नरनारी सहभागी हुन्छन् । लावा लस्करसहित मिथिलाको चारै स्थानका धार्मिक स्थलको परिक्रमा गर्ने परम्परा छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानेर परिक्रमा गर्ने परम्परा छ । १५ दिने माध्यमिकी परिक्रमालाई नै मध्यमा परिक्रमा भनिन्छ । १५ दिने परिक्रमामा जनकपुरधामको हनुमानगढीबाट कल्याणेश्वर हुँदै फुलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कन्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), औरही, करुणा, बिसौल, कल्याणेश्वर पुगेर फागुन पूर्णिमाका दिन जनकपुरधाम फर्किन्छ र जनकपुरधामको पाँचकोशे अन्तर्गृह परिक्रमा गरी समाप्त हुन्छ ।

मिथिला महात्म्यअनुसार १८ औं शताब्दीदेखि धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइँदै आएको छ । यात्रामा सहभागी हुने श्रद्धालु भक्तजनले नेपालको १ सय ७ तथा भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिमा पैदलयात्रा गर्नुपर्छ । परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगा, सीतामढी, बैजनाथधामका साधु उल्लेख्य रुपमा सहभागी हुने गर्छन् भने नेपालका विभिन्न स्थलबाट पनि साधुसन्त सहभागी हुने गर्दछन् ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
जनकपुरधाम, धनुषा, नेपाल
E-mail: phlmc.p2.gov.np

**वोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना ।**

**प्रकाशित मितिः २०८१/११/२३**

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामबाट विभिन्न मितिमा तपसिलको ठेक्काहरुको सुचना प्रकाशन भएको वोलपत्रको मूल्यांकन समितिको सिफारिस अनुसार उक्त ठेक्काको आर्थिक प्रस्ताव तपसिल अनुसारको स्थान, मिति र समयमा खोलिने भएको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपिनयम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना प्रकाशित मिति | वोलपत्र नं. | कामको विवरण | प्राविधिक प्रस्तावबाट छनौट भएको वोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|---|
| १ | २०८१/०९/११ | IFB No. MP/PHLMC/NCB/ GOODS-9.2/2081-82 | The Procurement and supply of Inhaler and DPI Device (Package II) | १ ब्लूमुन मेडिटेक फार्मा, काठमाण्डौ २ मेडिसेलस फर्मा चितवन | PHLMC Janakpurdham, dhanusha, Date 2081-12-01, 2:00 pm |
| २ | २०८१/०९/११ | IFB No. MP/PHLMC/NCB/ GOODS-11.2/2081-82 | The Procurement and supply of Inhaler and DPI Device (Package 11) | १ ब्लूमुन मेडिटेक फार्मा, काठमाण्डौ २ मेडिसेलस फर्मा चितवन | PHLMC Janakpurdham, dhanusha, Date 2081-12-01, 2:00 pm |
| ३ | २०८१/०९/२१ | IFB No. MP/PHLMC/NCB/ GOODS-14/2081-82 | The Procurement and Supply of Aayurved Medicines | १ शिव आयुर्वेद फर्मा दमक ६, झापा | PHLMC Janakpurdham, dhanusha, Date 2081-12-01, 2:00 pm |

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
जनकपुरधाम, धनुषा

# मधेशको कथामा 'राजागञ्ज'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली चलचित्र निर्देशन गरेर अन्तरराष्ट्रिय रूपमा परिचित निर्देशक दीपक रौनियार निर्देशित 'राजागञ्ज' मधेशको कथामा तयार गरिएको छ । हालै आयोजना गरिएको पत्रकार भेटघाटमा निर्देशक रौनियारले आफूले झन्डै आठ वर्षअगाडि सोचेको कथालाई चलचित्रमा ल्याएको बताए । उनले भने, 'यो मेरो भोगाइ पनि हो तर यसलाई प्रहरीको कथामा रहेर पटकथा तयार गरेको छु । मधेशको संस्कृति, विविधता, विभेदलगायत घटनाक्रमलाई यसमा देखाइएको छ । यो एउटा महिला प्रहरी अधिकृतको कथा हो ।' निर्देशक रौनियारले चलचित्रको विषय सोचेपछि धेरै महिला प्रहरीलाई भेटेर गरिएको कुराकानीका आधारमा 'पूजा' नामक पात्रको निर्माण गरिएको बताए । उनले नेपालबाहिर यस चलचित्रलाई 'पूजा सर' कै नाममा प्रदर्शन गर्दै छन् । यस चलचित्रमा सात महिला पात्र केन्द्रीय भूमिकामा रहेकी छन् । 'मधेशमा महिला कार्यकरी हुँदाको परिस्थिति र उसले भोग्नुपर्ने समस्यालाई यसमा देखाउने कोसिस गरेका छौँ । विश्वका ठूलाठूला महोत्सवमा छानिएको चलचित्र बल्ल हामीले नेपाल ल्याएका छौँ । यो हाम्रो समाजकै एउटा कथा वा घटना हो', उनले भने ।



चलचित्रको केन्द्रीय भूमिकामा रहेका कलाकारमध्ये एक अभिनेता दयाहाङ राई हुन् । उनले व्यावसायिक सफल चलचित्र 'कबड्डी' र 'जारी' सँगै अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा छानिएका चलचित्र 'हाइवे', 'सेतो सूर्य', 'गाउँ आएको बाटो' लगायतमा पनि काम गरिसकेका छन् । कलात्मक र व्यावसायिक दुवै किसिमका चलचित्रमा अभिनय गर्न आफूले सोहीअनुसार तयारी गरेको अभिनेता राईले बताए । 'एकै किसिमको चलचित्रमा प्रस्तुत भएमा त्यसले विविधता दिन सक्दैन । हामीले केही समययता अब्बल चलचित्र बनाइरहेका छौँ, जसले अन्तरराष्ट्रिय महोत्सवमा वाहवाही पाइसकेको छ । त्यस्ता चलचित्रमा मलाई सुहाउँदो पात्र लिएर आउने निर्माता र निर्देशकलाई म नकार्न सक्दिन किनकि देशबाहिर चलचित्र होस् या खेलकुद देशलाई प्रतिनिधित्व गरेर गइरहेका हुन्छौँ', उनले भने ।

अभिनेत्री ऋचा शर्माले चलचित्रमा आउनैपर्ने मधेशको एउटा कथा आएको बताइन् । उनले भनिन्, 'यो विषयमा चलचित्र बन्नु आवश्यक थियो । मधेशको कथामा केन्द्रित यस चलचित्रको कन्द्रीय भूमिकामा भने महिला छन्, सात महिलाले कथा भनेका छौँ । यसले मधेशको विविधतालाई चलचित्रमार्फत धेरै दर्शकसम्म पुऱ्याउँछ ।' चलचित्रमा अभिनेता राईसँगै आशा मगराती, विजय बराल, गौमाया गुरुङ, पशुपति राई, पूर्वमिस नेपाल निकिता चाण्डक, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वरकुमार झा, नीरज श्रेष्ठलगायत कलाकारको अभिनय रहेको छ । नेपलमा सार्वजनिक प्रदर्शन अगावै भेनिस, ह्याम्बर्ग, बुसान र मुम्बईजस्ता अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा 'राजागञ्ज' छनोट भएर प्रदर्शन भइसकेको छ ।

नेपाल र भारतको सीमावर्ती सहरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले गरेको खोजीको कथा पनि यसमा समेटिएको निर्मातामध्येका एक रामबाबु गुरुङले जानकारी दिए ।

उनले भने, 'तराईको सौन्दर्य, संस्कृतिसँगै त्यहाँ भएको एउटा घटनाक्रमलाई हामीले चलचित्रको विषय बनाएका छौँ । यसलाई घटेका घटनाहरूबाट प्रेरित भएर तयार गरेका हौँ । विश्वभर महोत्सवमा सहभागी भएर रुचाइएको चलचित्र नेपाली दर्शकको प्राथमिकतामा पर्नेमा विश्वस्त छौँ ।' यो चलचित्र निर्माणमा भारतीय निर्देशक अनुराग कश्यप, निर्देशक रामबाबु गुरुङ, अभिनेता दयाहाङ राईले सहकार्य गरेको उनले बताए । रासस

# बृन्दावनमा नदीजन्य उत्खननको ठेक्कामा विवाद चर्कियो

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको बृन्दावन नगरपालिकामा नदीजन्य वस्तु उत्खननको ठेक्कामा विवाद चर्किएको छ । गत वर्ष नगरप्रमुख विनोदप्रसाद कुर्मीले बागमती खोलामा अमानतमा नदीजन्य वस्तु उत्खननको आदेश दिएका थिए, जसको विरोध उपप्रमुख संगीता राम र वडाध्यक्षहरूले गरेका थिए । नगरप्रमुख कुर्मीको ठेक्का लगाउने निर्णयलाई जनप्रतिनिधिहरूले अनियमित र नियमविपरीत रहेको भन्दै विरोध जनाएका हुन् ।

नगरप्रमुख कुर्मीले बागमती नदीको रमौलीघाटमा गत भदौमा २ करोड १० लाख रुपैयाँमा ठेक्का दिएको जानकारी दिएका थिए । तर, वडाध्यक्ष सिकिन्दर पटेल र अन्य जनप्रतिनिधिहरूले यसमा सल्लाह नगरी ठेक्का लगाउनु उचित नभएको बताएका छन् । यसअघि, नगरप्रमुख कुर्मीले अमानतमा नदीजन्य वस्तुको उत्खनन गर्दै विरोध जनाएपछि ठेक्का रोकिएको थियो । उपप्रमुख र वडाध्यक्षहरूको विरोधपछि नगरप्रमुखले ठेक्का हटाएर अमानतमा उत्खनन गरेका थिए, जसको विरोधमा जनप्रतिनिधिहरूले डिभिजन वन कार्यालय र अख्तियारमा उजुरी दिएका थिए ।


## गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी पन्द्र दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्द्र) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

तपसिल

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा, बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं.१९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ चैत्र ८गते शुक्रवार दिउँसो ३:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ चैत्र १० गते आइतवार दिउँसो ४:०० बजे(१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन )।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।


# तीन दिने चित्रकला प्रदर्शनी शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा तीन दिने चित्रकला प्रर्दशनी कार्यक्रम बिहीबारदेखी शुरु भएको छ ।
भोजपुरी प्रतिष्ठान वीरगंजको सहकार्यमा वीरगंज कलाकार समाजले तीन दिने कलर अफ वीरगंज भनेर चित्रकला प्रर्दशनी कार्यक्रम शुरु गरेको हो । वीरगंजको आदर्शनगरमा रहेको रानीसति अथिती सदनमा सभाहलमा आयोजित चित्रकला प्रर्दशनीमा १८ वटा विधालयको करीब १ सय ८७ वटा चित्रकला प्रदर्शनीका लागि राखिएको समाजका अध्यक्ष मुकेश महतो नुनियाले जानकारी दिए ।
वीरगंजका १८ वटा विद्यालयका बालबालिकाहरुले आफ्नो प्रतिभालाई चित्रद्वारा प्रस्तुत गरेका छन् । पर्साका कलाकारहरु, कलाप्रेमीहरुको मनोभावनालाई बुझ्दै आफ्नो गाउँठाउ र हालको परिवेशबारे बुझ्दै कला र संस्कृतीको जगेर्ना र विकासको उद्देश्यले यो प्रर्दशनी कार्यक्रम राखिएको समाजका अध्यक्ष मुकेश महतो नुनियाले बताए ।

# मिटरब्याजीको नाममा रोक्का गरिएको जग्गा पीडितलाई फिर्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
मिटरब्याजीको नाममा रोक्का गरिएको जग्गा अन्ततः पीडित पक्षको नाममा फिर्ता भएको छ ।
रीता देवी कुमारीले राजालाल पण्डितविरुद्ध जिल्ला प्रशासन कार्यालय, पर्सामा मिटरब्याजीको उजुरी दर्ता गरेपछि कानुनी प्रक्रिया अघि बढेको थियो । २०७५ सालमा १० लाख रुपैयाँ ऋण लिएकी रीता देवीले २०७७ सालसम्ममा १२ लाख रुपैयाँ भुक्तानी गरिसकेकी थिइन्, तर पनि जग्गा फुकुवा भएको थिएन । उक्त जग्गा अझै ऋणदाता राजालाल पण्डितकै नाममा थियो । पीडितको उजुरीका आधारमा जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी निशान राज गौतमले सो प्रकरणमा तोक लगाउँदै प्रशासन शाखाका गौरीशंकरलाई पीडितको पक्षमा फैसला गर्ने आदेश दिएका थिए । गौरीशंकरले आफ्नो कार्यकक्षमा दुवै पक्षलाई छलफल गराउँदै डेढ लाख रुपैयाँ भुक्तानी गर्ने सहमतिमा समझदारी गराएका थिए । सम्झौतापछि बिहीबार मालपोत कार्यालयबाट जग्गा फुकुवा गराएर पीडित पक्षको नाममा ल्याइएको हो । पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) गणेश अर्यालको रोबरमा पीडितलाई लालपुर्जा हस्तान्तरण गरिएको हो ।

# यसवर्ष धान खरिद बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगंज शाखाले यस वर्ष धान खरिद बन्द गरेको छ । केन्द्रबाटै धान खरिद गर्ने पत्र आएसँगै फागुन २० देखि धान खरिद बन्द गरिएको शाखाका सूचना अधिकृत समिर दाहालले जानकारी दिए । यस वर्ष मंसिर २० देखि धान खरिद शुरु गरेको शाखाले ४ हजार १ सय ८० क्विन्टल मात्र धान खरिद गर्न सक्यो । किसानबाट पर्याप्त धान नआएपछि शाखाले बाराको महागढीमाई नगरपालिकास्थित विश्वकर्मा बाबा कृषि सहकारी संस्थासँग पनि १ हजार ८ सय ५४ क्विन्टल ३० किलो मात्र धान खरिद गरेको थियो । धान खरिद शुरु गर्दा खाद्यले बढी मूल्य दिए पनि पछि निजी क्षेत्रले बढी मूल्य दिएपछि किसानले खाद्यलाई धान बिक्री गर्न नल्याएको हुन सक्ने दाहालले बताए । हाल निजी क्षेत्रले सोना मन्सुली धान प्रतिक्विन्टल ३ हजार ७ सय रुपैयाँमा खरिद गरिरहेको छ ।
खाद्यले यो धानको खरिद मूल्य प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा निर्धारण गरेको थियो । सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले नै निर्धारण गरेको हो । यस वर्ष वीरगंज शाखाले केन्द्रबाट ४२ हजार क्विन्टल धान खरिदको कोटा पाएको थियो ।

# आईसीपी भित्रैबाट समान चोरी

**मधेशदृष्टि**
**वीरगंज ।**
सीसीटीभी क्यामेरा र सुरक्षा गार्ड सहितको कडा सुरक्षा घेरा भित्र रहने एकीकृत भन्सार जाँचचौकी (आईसीपी) भित्रैबाट समान चोरी भएको छ ।
आईसीपी भन्सारमा सामान लोड गर्न गएका ट्रकको २ थान ब्याट्री र डिजल चोरी भएको सवारी धनी जगरनाथ प्रसाद कलवारले बताए । नेपाल लोकतान्त्रिक यातायात व्यावसायी संगठनका केन्द्रीय उपाध्यक्ष समेत रहेका कलवार आईसीपी व्यावस्थापनले गाडी पार्किङ शुल्क बापत दैनिक नौ सयको हाराहारी शुल्क लिने गरेपनि सुरक्षामा लापरवाही गरेको बताए । वीरगंज एकीकृत भन्सार जाँच चौकी (आईसीपी) भित्रै सवारी साधानका सामानहरु चोरी भएपछि सवारी धनी र सवारी चालकहरुले असुरक्षित महशुस गरेका छन् ।

# सामूहिक विवाह गरिदिने करैयामाईको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको करैयामाई गाउँपालिकाले कार्यालयको खर्चमा पालिकाका विपन्न तथा असहाय परिवारका युवा÷युवतीहरूका लागि सामूहिक विवाह गर्ने तयारी गरेको छ । गाउँपालिकाको कार्यालयले एक सूचना जारी गर्दै सामूहिक विवाह कार्यक्रममा सहभागी हुन इच्छुकले आवेदन दिन आग्रह गरेको छ । गाउँपालिकाको १५औँ गाउँसभाबाट पारित योजनाअन्तर्गत १० लाखको बजेटमा सामूहिक विवाह कार्यक्रम गर्न लागिएको हो । वैशाख ११ गते हुने उक्त वैवाहिक कार्यक्रममा सहभागी हुन चैत १५ गतेभित्र आवेदन दिनुपर्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र महतोद्वारा जारी सूचनामा जनाइएको छ । वैवाहिक कार्यक्रमका लागि गाउँपालिकाभित्र बसोबास गर्ने २० वर्ष उमेर पूरा भएका युवतीले मात्रै आवेदन दिन पाउने अधिकृत महतोले बताए । गाउँपालिकाले वैवाहिक कार्यक्रममा सहभागी हुने बेहुला र बेहुलीको नागरिकता तथा जन्मदर्ता अनिवार्य गरेको छ ।

# वन डढेलो नियन्त्रण तालिम शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बडनिहारमा दुईदिने वन डढेलो नियन्त्रण तालिम शुरु भएको छ । डिभिजन वन कार्यालय पर्साको आयोजना र समृद्धिका लागि वन परियोजना रेड कार्यान्वयन केन्द्र बबरमहल काठमाडौँको सहयोगमा बिन्दबासिनी कोईलाभार साझेदारी वन कार्यालय बडनिहारको सभाहलमा बिहीबारबाट तालिम शुरु भएको हो । वन डढेलो नियन्त्रण तालिमको डिभिजन वन कार्यालय पर्साका प्रमुख मन्जुर अहमदले उद्घाटन गर्दै गर्मी महिनाको पतझर सुकेर थुप्रिने समयमा मानिसहरुले वनमा लगाउने डढेलोको कारण ठूलो क्षति हुने गरेको बताए ।

# पूर्व मेयर सरावगीको शल्यक्रिया सफल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका पूर्व प्रमुख विजय कुमार सरावगीको शल्यक्रिया सफल भएको छ । मस्तिष्कको नसामा देखिएको नसा खुम्चिने समस्याको काठमाडौंस्थित मेडिसिटी अस्पतालमा सफल शल्यक्रिया भएको उहासँगै रहेका पिन्टु उपाध्यायले जानकारी दिए । उनी नियमित परीक्षणका लागि जाँदा मस्तिष्कको नशा खुम्चिएको देखिएपछि उनलाई अस्पताल भर्ना गरिएको थियो । शल्यक्रिया सफल भएपनि उनी अझै ३ देखि ४ दिन अस्पतालमै आराम गर्ने पिन्टु उपाध्यायले बताए ।

सम्पादकीय

# मधेशमा माओवादी, काठमाडौँमा राजावादी

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड हुलाकी राजमार्ग आसपासका मधेशको भूगोलमा गएर नक्कली र सक्कली मधेशवादीको रटान दिइरहेका छन् । कांग्रेस र एमालेसँगको लसपसले केही संक्रमण भएको र मधेशका जनतासँग माफी मागदै फेरि मधेशका जनताको साथले माओवादी पहिलाजस्तै हुने भन्दै जनताका घरदैलोमा पुगेका छन् । मधेशी भेषभूषा र साजसज्जासँगै भोजनका तस्बिरले पनि माओवादी साँच्चै आत्मसमीक्षितको संकेत गरेको देखाएको छ । तर समग्रमा माओवादी कति सुध्रिन्छ, मधेश आन्दोलनले जन्माएका नेता उपेन्द्र यादव र जसपा नेपाल विभाजनको आरोप र कलंक खेपेका प्रचण्डको यादवसँगसमेत सम्बन्ध सुध्रन सकेको छैन । यसैक्रममा प्रचण्ड काठमाडौँका मेयर बालेन्द्र साह उर्फ बालेनको मधेशको घर पुगेका छन् । त्यहाँ पुग्दा छुट्टै रमाइलो अनुभूति भएको प्रचण्डको प्रतिक्रिया छ । जनतासँग माओवादी तराई–मधेश जागरण अभियानक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डसहितका नेता बिहीबार महोत्तरीस्थित बालेन शाहको पुख्यौली घर पुगेका हुन् ।हाल पालिका कार्यालय रहेको घरमा माओवादीले कार्यक्रम राखेको थियो । बालेन शाहको पुख्यौली घरमा बालेनका परिवारको घरम ापुग्दा रमाइलो महसुस भएको भन्दै प्रचण्डले बालेनजीसहित सबै मिलेर देश बनाउनु पर्ने बताए ।

अध्यक्ष प्रचण्डले एकथरी मानिस जनताले ठूलो बलिदानी गरेर ल्याएको सङ्घीयता र संविधान उल्ट्याउने कसरत गरिरहेको बताए । उनले जनतालाई अझ धेरै अधिकार र पहिचानका लागि माओवादी लागिरहेको भन्दै पहिचान र अधिकारको मुद्दाका लागि प्रतिवाद गर्नुपर्ने अवस्था आए अपिल गर्ने बताए । बालेनको घर माओवादी नेतृत्व पुगिरहँदा काठमाडौँमा भने बुधबार राजावादी शक्तिले विशाल र रातो परेड देखाएको छ । राष्ट्रिय झण्डासहित मोटरसाइकल र्‍याली गरेको राप्रपाको ब्यानरमा सहभागीहरुले व्यवस्था नै फाल्ने र राजतन्त्र ल्याउने भनेर निकै तामझामका साथ प्रदर्शन गरे । उनीहरुले सत्तामा रहेको कांग्रेस एमालेलाई मात्र गाली गरेनन्, नेकपा माओवादीलाई पनि उस्तै प्रहार गरे । उनीहरु यो व्यवस्था खराब भएको देखाउन क्रियाशील छन् । अहिले यस्तै सामग्री उत्पादन गरेर जनताको मथिंगल तताउने अभियानमा लागेका छन् ।

फागुन २५ गते पनि काठमाडौँमा विशाल प्रदर्शनको तयारी गरिएको छ । पोखरामा रहेका पूर्वराजा ज्ञानेन्द्र शाह काठमाडौँ फर्कने क्रममा राजावादी समूहले शक्ति प्रदर्शनको अर्को तयारी गरेको छ । यो तयारीले मुलुकमा मुठभेडको संकेत पनि गरिरहेको छ । सौर्यप्रणालीमा अत्यन्त कम देखिने एकैपटक थुप्रै ग्रहहरुको चलायनमान स्थितिले विभिन्न देशको राजनीतिमा केही उतारचढाव ल्याउने पण्डितहरुको तर्क छ । नेपालमा भने पण्डित भन्दा बढी राजनीतिक पण्डितहरुको चलखेल बढी हुने भएकाले अहिले राजावादी समूहको चलखेल चर्को छ । उनीहरुले जनतामा वितृष्णाको बाँध चैँ ठूलै बनाएका छन् । यो बाँधले दलका केही नेताहरुलाई बगाउन सक्छ तर फेरि जनतालाई शान्ति र विकासको स्थिर मार्गमा हिंडाउने नेतृत्व भने नेपालमा सर्वथा अभाव भएकाले युवापुस्ता फेरि पनि वितृष्णाको सिकार हुँदै विदेशिने दिन चैँ नरोकिने हो कि भन्ने उस्तै संशयले घर गरिरहेको छ ।

# वैदेशिक रोजगारीः मोह कि बाध्यता ?



शिव चौलागाईँ
shivachaulagain@gmail.com

नेपालमा वैदेशिक रोजगारी भन्ने विषय कुनै नौलो होइन । दैनिक रूपमा रोजगारीका लागि देश छाड्ने क्रम घटेको छैन, बढिरहेको छ । देशका लागि आवश्यक पर्ने युवा र दक्ष जनशक्ति धमाधम विदेश पलायन भइरहनु परेको वर्तमान समयमा यो मोह हो वा बाध्यता ? बहसको विषय बनेको छ ।

जनसंख्याको ठूलो भाग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा आश्रित भएकाले कृषिप्रधान देश मानिएपनि यसमा जीवन निर्वाह हुने अवस्था नभएको भन्दै दिनानुदिन देश छोड्नेको सङ्ख्या बढ्दो छ । कृषि पेशामा आश्रित भइरहेका वा कृषि कर्ममै रमाइरहेकाहरु पनि बरु बारी बाँझै रहोस् तर आर्थिक उपार्जनका लागि विदेश जाने गरेका छन् । यहाँ औद्योगिकीकरण र रोजगारीका सम्भावनाहरु नदेखेपछि हाम्रा उर्जाशील युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य बनिरहेका छन् । लाखौं नेपालीहरु अहिले विदेशमा आफ्नो श्रम बेचिरहेका छन् । यसरी देश छाडी विदेश पुगेका कतिपयलाई रोजगारीले उज्यालो भविष्य निर्माण गर्ने अवसर दिएको छ भने कतिपयका लागि यो दुःख, निराशा र शोषण सहन बाध्य बनिरहेका छन् । यसैले त वैदेशिक रोजगारी बसैका लागि अवसर बनिरहेको छ, कसैका लागि अभिशाप ।

नेपालबाट भारत,बेलायत,सिंगापुर लगायतका देशमा सेना र प्रहरी वा अन्य श्रमका लागि युवाहरु जाने गरेका थिए । बैदेशिक रोजगारी भन्दा पनि लाहुर जाने वा मुग्लान जाने भन्दै नेपाली युवाहरु त्यस बेलामा विदेश जाने गरेका थिए । देशको राजनीतिक परिवर्तन भएपछिको सन् १९९० को दशकपछि नेपालबाट धेरै युवाहरू विदेश जान थाले । नेपालीहरु बढी सङ्ख्यामा कतार, साउदी अरेबिया, यूएई, कुवेत,बहराइन जस्ता खाडी मुलुक तथा मलेसियामा रोजगारीका लागि जाने गरेका छन् । यस बाहेक अध्ययनका लागि क्यानडा, अस्ट्रेलिया, जापानजस्ता देशमा जाने गरेका विद्यार्थीहरु अध्ययन पूरा गरेपछि कानूनी प्रकृया पूरा गरेपछि त्यतै काम गर्ने गरेको पाइन्छ । सुन्दर,शान्त र प्रसस्त सम्भावनाले भरिएको देशका रुपमा हामी नेपालको व्याख्या पाउँछौँ । हामी आफैँ पनि विभिन्न क्षेत्र र सम्पदाप्रति गौरवबोध गर्छौँ तर युवालाई टिकाउने खालको विकास भने हुन सकेको छैन । विशेषगरी युवालाई रोजगारीको अवसर प्रदान गर्न सकिने औद्योगिक विकास यहाँ हुनै सकेन । कृषि क्षेत्रमा आधुनिकीकरण गफमा सिमित भयो । देशलाई समृद्ध बनाउने खालका निर्माण क्षेत्रमा ठूला परियोजनाहरू सुस्त गतिमा अघि बढाइए । कुनै बेला नाम कमाएका उद्योगहरु कि त बन्द भए की त उत्पादनमा घाटा लागी बन्न्ल हुने अवस्थामा निकै कठिन स्थितीबाट चलिरहेका छन् । यहाँ किन उद्योग कलकारखाना चल्न सकेनन् ? यहाँ युवाहरुलाई टिकाउने खालको वातावरण किन निर्माण हुन सकेन भन्ने खालका बहसहरु खासै हुनै छाडेका छन् । सरकारले प्रभावकारी नीति निर्माण गरी कार्यान्वयन नगरेका कारण देशमा उद्योग, कलकारखाना तथा ठूला महत्वपूर्ण परियोजनाहरु सञ्चालन नभएका हुन् भन्दा फरक नपर्ला । अर्को महत्वपूर्ण पाटो भनेको हाम्रो देशको शिक्षा प्रणाली हो । हाम्रो देशको शिक्षा प्रणाली यस्तो खालको छ की जसले नेपालमा केही गरौँ, यहाँ श्रममा टिकौँ भन्ने खालकै छैन । आफूले पढेको विषय व्यावहारिक हुन नसक्दा युवाहरु डिग्रीको सर्टिफिकेट थन्काउँदै कठिन श्रमका लागि विदेशिन बाध्य बनिरहेका छन् । घर चलाउनका लागि पनि यतिबेला नेपालीहरु विदेश गइरहेका छन् । विदेशबाट प्राप्त रेमिटेन्स नै हाम्रो देशको अर्थतन्त्रको मेरुदण्ड बनिरहेको छ । हरेक वर्ष अरबौं रुपैयाँ हामीले रेमिटेन्सका रुपमा पाइरहेका छौँ र हाम्रो घर, समाज र समग्रमा देश धानेको छ । नेपालमा बराल्लिएर हिड्ने युवापुस्ता पनि वैदेशिक रोजगारीबाट आर्थिक हैसियत बलियो बनाउँन सफल भएका छन् । ठूलो सङ्ख्यामा नेपाली घरपरिवारको जीवनस्तर उकास्नका लागि वैदेशिक रोजगारीको महत्वपूर्ण भूमिका रहेको छ । विगतमा दैनिक छाक टार्न समस्या भएकाहरु पनि वैदेशिक रोजगारीमा पुगेपछि राम्रो कमाईका कारण आर्थिक उपार्जन गर्न सकेका कारण आफ्ना बालबच्चालाई राम्रो शिक्षा दिक्षा दिन, घरघडेरी जोड्न तथा भविष्यका लागि आर्थिक जोहो गर्न सकिरहेका छन् । आर्थिक अवस्था सुधार गर्दै भविष्यका लागि एउटा अवसर वैदेशिक रोजगारीमार्फत सृजना भइरहेको पक्ष पक्कै पनि सकारात्मक विषय हो । देशकै अर्थतन्त्रमा वैदेशिक रोजगारीले टेवा दिएको छ ।

आफ्नो देश छाडेर अर्काको भूमीमा पसिना बगाउनु सुखद् पाटो त होइन नै, तर पनि केही नहुनु भन्दा थोरै भएपनि हुनु वेश भनेझैँ भएको छ । देशबाट ठूलो मात्रामा उर्जाशील र दक्ष श्रमशक्ति पलायन भइरहेको तीतो यथार्थ हामी भोगिरहेका छौँ । कामका लागि विदेशिने भनेको युवाहरु हुन्, जो श्रम बेच्न सक्ने खालका छन् । हाम्रो उर्जाशील शक्ति बाहिरिँदा हामीलाई जनशक्ति अभाव त हुने नै भयो, अरु विभिन्न विषयमा पनि समस्याहरु सिर्जना हुने गरेको हामीले भोग्दै, देख्दै एवम् सुन्दै आइरहेका छौँ । वैदेशिक रोजगारीमा गएका श्रीमान् श्रीमतीबीच विभिन्न कारण मतभेद हुन गई सम्बन्ध टुट्न गएका घटनाहरु पनि हाम्रो गाउँघरमा पाइन्छन्, जसबाट उनीहरुका बालबच्चा संरक्षणविहीन हुने गरेका छन् ।

विदेशबाट आउने रेमिटेन्सले देशको अर्थतन्त्रमा टेवा पुगिरहेको महत्वपूर्ण विषय हामीमाझ भइरहँदा यसको पूर्ण रुपमा उचित प्रयोग घरपरिवारमा नभइ रहेको दुखद् अवस्था पनि छ । वैदेशिक रोजगारीबाट प्राप्त रकमलाई अनावश्यक तथा फजुल खर्च गर्ने गरेको हामी पाउँछौँ । भविष्यका लागि जोहो हुने बचतमा राख्नुको सट्टा कतिपयले क्षणिक खुशीमै त्यस्तो रकम उपभोग गर्ने गरेका छन् । यदि उत्पादनशील कार्यमा लगानी गर्ने र त्यसबाट थप आम्दानी गर्ने बाटोमा लागेकोको खण्डमा वैदेशिक रोजगारी एउटा अवसरका रुपमा उदाहरण हुने थियो । यसमा अनावश्यक खर्च कटौती गरी भविष्यका लागि बचत गर्न र आर्थिक आर्जन गर्न सकिने खालका बाटो देखाउने काममा सरोकारवालाहरुले ध्यान दिनुपर्छ ।

अहिले हरेक घरका सदस्य रोजगारीका लागि विदेशमा छन् । 'नेपालमा रोजगारी छैन, काम गर्न विदेश नै जानुपर्छ' भन्ने वाक्य उर्जाशील युवाको मुखबाट सुनिन्छ । विदेशमा सहजै र सजिलै काम मिल्ने र राम्रो रुपैया कमाइने भनेर जसरी भनिन्छ यथार्थ भने पक्कै त्यस्तो हुन्न । कतिपय नेपालीहरु श्रम शोषणमा पर्ने गरेका छन् । नेपालीहरु जोखिमयुक्त अवस्थामा काम गर्न बाध्य हुनु परेको पाइन्छ । उचित तलब नपाउने, सम्झौताअनुसार काम नपाउने, श्रम कानूनहरूको पालना नगर्ने र कामदारहरूबाट हिंसा, अमानवीय व्यवहार भोग्नु परेका घटनाहरु हामी बेलाबेला सुन्दै आइरहेका छौँ । वैदेशिक रोजगारीका नाममा मानव तस्करीका घटनासमेत हुने गरेको पाइन्छ ।

कामका लागि विदेश जानु आफैमा नराम्रो होइन । स्वदेशमै रोजगारीको अवसर सृजना गर्नु र उनीहरुलाई देशकै माटोमा श्रम गर्ने वातावरण निर्माण गरिदिनु महत्वपूर्ण विषय हो । यसका लागि सरकारले उचित नीति र कार्यक्रमहरू लागू गर्नुपर्छ, उद्योग तथा कृषि क्षेत्रमा व्यापक सुधार गर्नुपर्छ, औद्योगिक क्षेत्रमा लगानी वृद्धि गर्दै उत्पादनमूलक उद्योगहरू विकास गर्नुपर्छ । परम्परागत रुपमा हामीले गर्दै कृषि कर्मलाई आधुनिकीकरण गर्ने सकेको खण्डमा ग्रामीण क्षेत्रका युवालाई स्वदेशमा गरीखाने वातावरण बन्नसक्छ । व्यवसायिक रुपमा कृषिमा रमाउन खोज्नेलाई प्रविधिमैत्री कृषि प्रणालीको विकासमार्फत पर्याप्त लाभ लिनसक्ने अवस्था बनाइनुपर्छ ।

स्वदेशमै रोजगारीको अवसर दिने भनेर केही साना कार्यक्रमहरु सरकारले नल्याएको होइन, तर त्यस्ता कार्यक्रमहरु थोरै केबल चारो हालेको जस्तो देखिएको छ । युवालाई उचित शीप, शीपपछि स्वरोजगारको वातावरण तयार अनि आर्थिक आम्दानीको प्रष्ट मार्ग देखिने गरी सरकार अघि बढेमा स्वदेशमा युवा टिक्ने र बिक्ने आधार तयार हुन्छ । अन्यथा, दैनिक पन्ध्र सय देखि दुई हजार युवाले देश छाडिरहेको दृश्य देखिनै रहनेछ । हाम्रो देशको शिक्षा प्रणालीलाई श्रम बजारसँग समायोजन गर्नुपर्ने आवश्यक छ । व्यावहारिक शिक्षा, सीपमूलक तालिम तथा प्रविधि अनुकूल पाठ्यक्रम निर्माण गरी लागू गराउनुपर्छ । यसका साथै विदेशबाट फर्किएकाहरुको सिप तथा सिकाईलाई अन्य युवामा हस्तान्तरण गर्दै देशमै उद्यमशीलताको खोजी गर्ने हातहरु फैलाउन वातावरण तयार पार्नुपर्छ । केही गर्छु भन्नेहरुका लागि सहुलियतपूर्ण कर्जा, अनुदान तथा व्यावसायिक तालिम प्रदान गरिनुपर्छ ।

वैदेशिक रोजगारीमा अवसरसँगै र चुनौती पनि छन् । यो कतिपय नेपालीहरुका मोह बनिरहेको छ भने कतिपयका लागि लागि बाध्यता पनि हो । विदेशबाट आर्थिक लाभ भएको सुखद् पक्ष एकातिर छ भने दक्ष जनशक्ति स्वदेशमा नरहनु दुखद् विषय हो । यस्ता विषयमा बहस गर्दै स्वदेशमै गरीखाने अवस्था सिर्जनामा सरोकारवालाको ध्यान जानुपर्दछ ।

# 'मुन्दुम पदमार्ग' विस्तारसँगै पुनः निर्माण

युवराज विष्ट



सरकारको घुम्नै पर्ने सय पर्यटकीय गन्तव्य भित्र पर्न सफल 'मुन्दुम पदमार्ग' विस्तारसँगै पुनः निर्माण थालिएको छ । पदमार्गको स्वीस सरकारको आर्थिक एवा प्राविधिक सहयोगमा, संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा एक करोड रुपैयाँ लागतमा पहिलो चरणको पदमार्ग विस्तारसँगै पुनः निर्माणको काम थालिएको हो ।

पदमार्ग निर्माणका विषयमा जानकारी गराउने उद्धेश्यले पदमार्ग बनिरहेको हाँस पोखरीमा सार्वजनिक सुनुवाईसमेत गरिएको छ । सार्वजनिक सुनुवाईमार्फत योजनाको लागत, योजना सञ्चालन पद्धती, योजना सञ्चालन हुने क्षेत्र र पदमार्ग निर्माण अवधिलगायतको विषयमा सरोकारवाला पक्षलाई जानकारी दिइएको हो ।

यो पदमार्गलाई थप व्यवस्थित बनाउनको लागि पहिलो चरणमा पाँच दशमलव ४४ किलोमिटर पदमार्ग निर्माण तथा पुनः निर्माण थालिएको टेम्केमैयुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालले जानकारी दिए । पदमार्गसँगै पयर्टकलाई लक्षित गरेर यहाँ तीन वटा सार्वजनिक सौचालय, दुई वटा रात्री विश्राम स्थल, एक वटा खानेपानी धारा निर्माण गरिने उनको भनाइ छ ।

'तीन वटा सरकार र स्वीस सरकारको लागत साझेदारीमा मुन्दुम पदमार्गको थप विस्तारसँगै पुनःनिर्माण थालिएको छ''प्रशासकीय अधिकृत दाहालले भने,''यहाँ पर्यटकलाई लक्षित गरेर पदमार्ग निर्माणसँगै थप संरचनाहरु बन्ने छन् । यो निर्माण अवधि आगमी असार महिनासम्म रहेको छ ।' पदमार्गको निर्माण तथा पुनः निर्माणको लागि स्वीस सरकारको ५१ प्रतिशत, गाउँपालिकाको २२ प्रतिशत, केन्द्र सरकारको ५ प्रतिशत र प्रदेश सरकारको २२ प्रतिशत लागत साझेदारी रहेको प्रशासकीय अधिकृत दाहालले जानकारी दिए ।

मुन्दुम पदमार्ग गाउँपालिकाको गौरवको आयोजना रहेकोले यसको थप विकास तथा विस्तारमा जोड दिइएको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताए । गाउँपालिकाले कृषि र पर्यटनलाई मुख्य प्राथमिकता राखेर यहाँका स्थानीयको समृद्धिको आधार तयार गर्ने लक्ष्यका साथ पदमार्ग विस्तार तथा विकासको काम गरिरहेको उपाध्यक्ष राईले बताए ।

पदमार्गले यहाँको धर्म, सस्कार, सस्कृति रहनसहन, रितिरिवाजको जर्गेनासँगै स्थानीय कृषि उत्पादनलाई पर्यटनसँग जोड्न टेवा पुग्ने उनको भनाइ छ ।

'मुन्दुम पदमार्ग हाम्रो गौरवको योजना हो' उनले भने,'यहाँ जतिपनि काम भइरहेका छन् यसले यहाँको विकास र समृद्धिलाई जोडेको छ । हामीले कृषि र पर्यटनलाई प्राथिमिकतामा राखेर आर्थिक रुपमा सक्षम बनाउने लक्ष्यका साथ काम बढाइरहेको छौँ ।' मुन्दुम मदमार्गमा आउने पदयात्रीहरुको सहज र सुरक्षित यात्राको लागि गाउँपालिकाले योजनावद्ध रुपमा काम गरिरहेको उपाध्यक्ष राईले जानकारी दिए । पदमार्गलाई थप व्यवस्थित बनाउदै स्थानीयको रोजगारी र जीविकोपार्जनसँग जोड्ने काम भइरहेको उनको भनाइ छ । मुन्दुम भ्रमण वर्ष सन् २०२५ घोषणा गरेर यसको प्रचारप्रसारसँगै विकासको काम भईरहेको उपाध्यक्ष राईले बताए । 'मुन्दुम पदमार्ग पूर्वको स्थापित गन्तव्यको रुपमा विकास भइरहेको छ' उनले भने,'पदमार्ग विस्तार भएपछि यहाँ आउने पर्यटकको सङ्ख्या बढिरहेको छ ।

पर्यटकको सहज, सरल, सुरक्षित र आरामदायी यात्राको लागि हामीले योजनाबद्ध रुपम काम गरिरहेका छौँ ।'

मुन्दुम पदमार्ग एक मात्र भर्जिन पदमार्ग रहेकाले यसलाई संरक्षण गर्न आवश्यक रहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । सडक विस्तारका कारण पदमार्गलाई असर पुग्ने भएकाले यस्ता क्रियाकलापलाई रोक्न आवश्यक रहेको अध्यक्ष बस्नेतको भनाइ छ । मुन्दुम पदमार्ग नेपाल सरकारको एक सय गन्तव्यमा सूचीकृत मार्ग रहेकोले जिल्ला तथा छिमेकी जिल्लाका स्थानीय तहसँग सहकार्य गरेर विकास तथा विस्तार भईरहेको उनको भनाइ छ ।

'मुन्दुम पदमार्ग एक भर्जिन पदमार्ग हो' अध्यक्ष राईले भने, 'नेपालमा सायदै यस्ता स्थानहरु कमै मात्र छन् । सडक विस्तारका कारण यस्ता क्षेत्रहरुमा क्षति पुगेको अवस्था छ । पदमार्ग क्षेत्रको संरक्षणको लागि हामीले गम्भिर बन्न आवश्यक छ । एक करोड लागतमा भईरहेको पहिलो चरणको काम सम्पन्न भएपश्चात यहि आर्थिक वर्षमा सम्पन्न हुने गरी दोश्रो चरणमा ८५ लाख रुपैयाँ बराबरको निर्माणको काम हुने अध्यक्ष बस्नेतले जानकारी दिए ।

पदमार्गमा आधारित पर्यटन विकास परियोजना अन्तर्गत दिगो र नविनतम पर्यटन विकासको अवधारणा अनुसार यहाँ काम भईरहेको परियोजनाकी सामाजिक सुरक्षा अधिकृत पार्वती राणाले बताए । पर्यटनमार्फत यहाँका समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने खालका क्रियाकलाप सञ्चालन हुने उनको भनाइ छ । पदमार्गमा रहेका होटल व्यावसायिकहरुको क्षमता अभिवृद्धिसँगै पाहुनालाई दिने सेवा तथा व्यवहारको विषयमा तालिम तथा सचेतनाका कार्यक्रम सञ्चालन हुने अधिकृत राणाको भनाइ छ ।

यो पदमार्ग क्षेत्रमा टेम्केमैयुङ गाउँपालिकाका एक सय सात जनाले काम गरिरहेको निर्माण उपभोक्ता समितिको अध्यक्ष रहिम राईले जानकारी दिए । पदमार्ग निर्माणले पर्यटनको विकाससँगै स्थानीयस्तरमा रोजगारी सिर्जना भईरहेको उनको भनाइ छ । पदमार्ग क्षेत्रमा छ वटा समुह निर्माण गरेर विभिन्न स्थानमा काम भइरहेको उनले जानकारी दिए । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# राष्ट्रियसभा बैठकः 'फास्ट ट्रयाक'मा पुल निर्माण गर्न ध्यानाकर्षण

**काठमाडौँ ।**
राष्ट्रियसभाको विहीबारको बैठकको शून्य समयमा सांसदले 'फास्ट ट्रयाक'मा पुल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकमा सांसद घनश्याम रिजालले दोलखालाई सङ्घीय राजधानी र मधेश प्रदेशसँग जोड्ने लाइफलाइनका रूपमा रहेको लामो–साँघु जिरी सडकमा पर्ने सुनकोशी र तामाकोशी नदीमा समयमा पुल निर्माण नहुँदा यात्रुले जोखिमपूर्ण यात्रा गर्नुपरिरहेको तर्फ सरकारको ध्यान जाओस् भनेका छन् ।

उनले चार दशक पहिले बनेको पुल साँघुरो र जीर्ण भएपछि नयाँ पूल निर्माण गर्न २०७३ सालमै ठेक्का सम्झौता भएपनि निर्माण हुन नसकेको बताए । उनले भने,'आठ वर्ष बितिसक्दा पनि तामाकोशीमा आंशिक तर सुनकोशीमा पूल निर्माण सुरु भएको छैन । पुल निर्माणमा ढिलाइ हुँदा दुर्घटनाको पनि जोखिम छ ।

फास्ट ट्रयाकमा पुल निर्माणको काम अघि बढाउन सरकारलाई ध्यानाकर्षण गर्दछु ।'

सांसद विष्णुबहादुर विश्वकर्माले कालिकोट जिल्लाको महावै गाउँपालिका जोड्ने एक मात्र पूल निर्माणमा यथाशिघ्र सम्पन्न गर्न सरकारकाले पहल गर्नुपर्छ भने । उनले भने,'आव २०७७÷७८ मा ठेक्का सम्झौता गरेर पुल निर्माण गर्ने भनिएको थियो । पटकपटक म्याद थप्ने तर काममा ढिलाइ भएको छ । उक्त ठेक्का कम्पनीलाई कालो सूचीमा राखी पुल निर्माण छिटो गर्न ध्यानाकर्षण गराउँछु ।'

सांसद पूजा चौधरीले मधेसप्रदेश सिराहा नवराजपुर गाउँपालिका टोल भगवतीपुर निवासी रिंकु सदाको बलात्कारपछि रहस्मयी हत्या हुनु आफैँमा पनि पीडादायी रहेको जनाउँदै हत्यारालाई कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिनुपर्ने माग गरिन् ।

सांसद रुकमीणी कोइरालाले जनसङ्ख्या र विकास एकापसमा जोडिएका हुनाले अबको देशको जनसङ्ख्या कस्तो बनाउनुपर्ने भन्नेमा ध्यान दिनुपर्ने बताइन् ।

सांसद कृष्णबहादुर रोकायाले रुकम पश्चिममा सञ्चालित दुईवटा विमानस्थलमा उडान यथासिघ्र सञ्चालनमा ल्याउनुपर्ने बताए । उनले भने,'सदरमुकाममा रहेको सल्ले विमानस्थल र चौरजहारी विमानस्थल दुवैमा उडान स्थिगित छन् । सदरमुकाममा रहेको विमानस्थल २०८१ पुस २ गतदेखि सञ्चालनमा छैन । दुवै विमानस्थलमा यथासिघ्र उडान सञ्चालन गरियोस् ।'

सांसद पदमबहादुर परियार राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थामार्फत नेपालमा अपाङ्गता भएका व्यक्तिलाई कृत्रिम हातखुट्टा, अपाङ्गता भएका बालबालिकालाई शिक्षा, एचआइभी सङ्क्रमित, क्षयरोगी, गर्भवती महिलालाई सहायता रोकिँदा प्रभाव पर्न गएको बताए । उनले सरकारले यस सन्दर्भमा प्रभाव परेको बारे अध्ययन गर्नुपर्ने र योजना बनाउनुपर्ने माग गरे ।

सांसद रेनु चन्दले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले शून्य नम्बर दिएर निकाल्न खोजिरहेको आरोप लगाइन् ।

सांसद कृष्णप्रसाद अधिकारीले पनि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पटकपटक स्पष्टीकरण सोध्ने काम गलत भएको बताए ।

सांसद विष्णुकमुारी सापकोटाले गण्डकी क्षेत्रमा डाइभर्सन निर्माण गर्ने भनिएसँगै देवघाट क्षेत्रमा रहँदै आएका साधु सन्तलाई यो कार्यबाट असर पुग्नतर्फ सरकारको ध्यानाकर्षण गराइन् । सांसद विष्णुदेवी पुडासैनीले शिक्षा विधेयक छिटो पास गर्न सरकारको ध्यानाकर्षण गराइन् । रासस

# प्रतिनिधिसभा बैठकः अमेरिकी सहयोगबारे श्वेतपत्र जारी गर्न माग

**काठमाडौं ।**
प्रतिनिधिसभाको विहीबारको बैठकमा सांसदले नेपालले पाएको अमेरिकी अनुदान सहयोगबारे नेपाल सरकारले श्वेतपत्र जारी गर्नुपर्ने माग गरेका छन् ।

बैठकको आकस्मिक समयमा सांसद रामहरि खतिवडाले अमेरिकाले नेपाललाई प्रदान गरेको अनुदान सहयोग दुरुपयोग भयो भनेर प्रश्न उठिरहेका बेला कुन निकायबाट कस्तो कामका लागि कति खर्च भएको हो भनेर विस्तृत विवरण सार्वजनिक हुनुपर्ने माग गरे ।

उनले भने,'अमेरिकी सहयोग बारे श्वेतपत्र जारी गरियोस्। गैरसरकारी सस्था वा अन्तर्राष्ट्रिय गैरसकारी संस्था मार्फत् प्राप्त भएको रकमबारे स्पष्ट जानकारी दिइयोस् ।' उनले अमेरिकाले अवैधानिक रूपमा बसेका नेपालीलाई नेपाल फिर्ता पठाइएको र पत्रकारले प्रश्न गरेकै आधारमा संसद्को पास स्थगन गरिएको भन्ने विषय उठान बारे पनि उनले सदन मार्फत सरकारको ध्यानाकर्षण गराए ।

बैठकमा सांसद देवेन्द्र पौडेलले पनि अमेरिकाबाट हालसम्म ३५ नेपाली नागरिक नेपाल फिर्ता भएको उल्लेख गर्दै विभिन्न देशमा रहेका नेपाली नागरिकलाई स–सम्मान स्वदेश फिर्ताका लागि सरकारले परराष्ट्र मन्त्रालयमार्फत् पहल गर्नुपर्ने बताए । उनले भने, 'दुवई, जापान, क्यानडा, कोरियालगायत मुलुकबाट नेपालीलाई डिपोर्ट गरिएको छ । त्यहाँ समस्यामा परेका नागरिकलाई फिर्ता गर्नका लागि परराष्ट्र मन्त्रालयमार्फत् पहल गरिनुपर्छ ।'

सांसद हरि ढकालले एलपी ग्यास व्यवसायीले कमिसन बढाउन सरकारलाई दबाव दिएकै आधारमा मूल्य बढाउने र बजारमा कृतिम अभाव सिर्जनाको स्थिति बनेको बताए । त्यस्तै, सार्वजनिक लेखा समितिले सिमेन्टको मूल्य घटाउन भनेर सरकारलाई निर्देशन दिएकोमा हालसम्म पनि कार्यान्वयन हुन नसकेको बताए । उपभोग्य वस्तुमा अत्याधिक मूल्यवृद्धि भएको धारणा पनि उनले राखे ।

सांसद माघव सापकोटाले सरकार र शिक्षक महासंघबीच गतवर्ष भएको सहमति कार्यान्वयनका लागि आग्रह गरे। शिक्षकले गतवर्ष पनि आन्दोलन गरेको र त्यसपछि सरकारसँग सहमति भएकोमा त्यसलाई कार्यान्वयन गर्न नसक्दा फेरि आन्दोलित भएको उनको भनाइ छ ।

शिक्षक महासंघले अहिले फेरि आन्दोलनको तयारी गरिरहेको बताउँदै उनीहरुको जायज माग पूरा गर्न आग्रह गरे ।

सांसद अमरेशकुमार सिंहले स्वास्थ्य मन्त्रालयको सचिव नियुक्तिमा सरकारले संविधान मिचेको आरोप लगाए। सचिवमा वरिष्ठ कर्मचारीलाई सचिव नियुक्त नगरेर कनिष्ठलाई नियुक्त गरेको तथा आदीवासी जनजाति, मधेशी, महिलाप्रति पूर्वाग्रह राखेको भन्दै स्वास्थ्य मन्त्रीको राजिनामासमेत उनले माग गरे ।

सांसद लालप्रसाद सावा लिम्बूले झापाको शिवसताक्षी ११ को क्याम्ब्रिज स्कुलको दुईवटा बस जलेको विषय संसदमा उठान गरे । उनले समग्र विद्यालयको सुरक्षा संवेदनशीलताको विषय संसद्मा राखे । रासस

# 'लोकतन्त्र बलियो भएमा मात्र मुलुक समृद्ध बन्छ'




**ललितपुर ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको हरेक लोकतान्त्रिक आन्दोलनमा भूतपूर्व सैनिकले पुर्याएको योगदान महत्वपूर्ण रहेको बताएका छन् ।

कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा आज आयोजित नेपाल भूतपूर्व सैनिक सङ्घको छैठौँ केन्द्रीय महाधिवेशन उद्घाटन गर्दै उनले सबै भ्रातृ एवं शुभेच्छुक संस्था बलियो भएमात्रै कांग्रेस पार्टी बलियो हुने चर्चा गरे । उनले कांग्रेस बलियो भएमात्रै लोकतन्त्र सुदृढ हुने र नेपाल समृद्ध मुलुक बन्नसक्ने बताए ।

सभापति देउवाले भने,'लोकतन्त्रमा मात्रै सबै वर्गको अधिकार सुनिश्चित हुन्छ, सबै भ्रातृ एवं शुभेच्छुक संस्था बलियो भए हाम्रो पार्टी बलियो हुन्छ । नेपाली कांग्रेस बलियो पार्टी भएमात्रै नेपाल समृद्ध मुलुक बन्नसक्छ । यसमा विशेष ध्यान दिन मेरो अनुरोध छ ।'

उनले भूतपूर्व सैनिकका सेवा र सुविधाका विषयमा समस्या रहेको कुरालाई बुझेर आफूले समाधानका लागि पहलकदमी गरिरहेको बताए । उनले गोरखा भर्ती केन्द्रका बारेमा सरकारसँग कुरा भइरहेको पनि जानकारी गराए । गोरखा भर्तीका समस्या समाधानका लागि कूटनीतिक तहमा कुरा अगाडि बढाउने प्रतिबद्धता जनाए ।

उनले भने,'नेपालका भूतपूर्व सैनिक साथीको समस्या नभएको होइन, यसमा स्पष्ट छु ।

गोरखा भर्ती केन्द्रका बारेमा सरकारसँग कुरा भइरहेको छ । साथीहरुको सुझाव लिएर भोलिका दिनमा समस्या समाधानका लागि कूटनीतिक तहमा कुरा अगाडि बढाइनेछ । नेपाली भूतपूर्व सैनिकमा पेन्सनको जुन विभेद् छ, त्यसप्रति म जानकार छु । समस्या समाधानका लागि हामी लागिरहनेछौँ ।'

कार्यक्रममा कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्दम्बेले भूतपूर्व सैनिकको त्याग, तपस्या र बलिदानले नेपाली कांग्रेसले यो स्थान हासिल गर्न सफल भएको बताए ।

उनले नेपाली कांग्रेसलाई थप व्यवस्थित बनाउन अनुशासनको व्यवस्थालाई प्रभावकारी बनाइनुपर्ने बताए ।

लोकतान्त्रिक खेलकुद सङ्घको महाधिवेशन निर्देशक समितिका प्रमुख एवं केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले भूतपूर्व सैनिक सङ्घ पार्टीले भर गर्नसक्ने सङ्गठनका रुपमा विकसित हुन सकोस् भन्ने शुभकामना व्यक्त गरे । उनले नेपाली सैनिकको नाम लिने वित्तिकै विश्वले शिर उच्च बनाउने अवस्था रहेको भन्दै पार्टीलाई पनि अनुशासित बनाउन महत्वपूर्ण योगदान दिन आग्रह गरे ।

कार्यक्रममा नेपाली कांग्रेसको महिला विभागको प्रमुख एवं केन्द्रीय सदस्य पुष्पा भुसालले भूतपूर्व सैनिकले हरेक राजनीतिक उत्तरचढावमा काम गर्न, नेपालको पहिचान कायम राख्न ठूलो योगदान पु¥याएको बताइन् ।

कांग्रेस केन्द्रीय सदस्य डिला सङ्ग्रौलाले लोकतन्त्र प्राप्ति र पुनःप्राप्तिको आन्दोलनमा भूतपूर्व सैनिकको महत्वपूर्ण योगदान रहेको बताउँदै भूतपूर्व सैनिकले जानेको सीप र दक्षतालाई पार्टीमा उपयोग गरेर बलियो बनाउनुपर्नेमा जोड दिएका थिइन् । रासस

# जलस्रोत विधेयक चाँडो सदनमा पेस गर्छौँः सभापति सिंह

**काठमाडौँ ।**
प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले जलस्रोत विधेयक चाँडो सदनमा पेश गर्ने बताएका छन् ।



जल तथा उर्जा आयोगको सचिवालयद्वारा विहीबार काठमाडौँमा आयोजित 'नेपालमा प्रभावकारी जल सुशासनका लागि एकीकृत नदी बेसिन योजना र व्यवस्थापन' विषयक कार्यशाला गोष्ठीमा उहाँले पूर्वाधार विकास समितिमा छलफलका क्रममा रहेको जलस्रोत विधेयक दुई हप्ताभित्र टुङ्गो लगाएर सदनमा पेश गर्ने बताएका हुन् ।

'जलस्रोत विधेयक यस क्षेत्रका विज्ञसँग छलफल गरी अन्तिम रुप दिन लागेका छौँ, दुई हप्ताभित्रै विधेयक सदनमा पेस गर्छौं,' उनले भने ।सभापति सिंहले उपत्यकाका ढुङ्गेधाराहरु सुक्दै गएकामा चिन्ता व्यक्त गरे ।

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव सरीता दवाडीले एकीकृत जलस्रोतको अवधारणालाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताए । उनले जलस्रोतको संरक्षण र उचित प्रयोगका लागि नदी बेसिन कार्यालय स्थापना गरेर सरकार अगाडि बढिरहेको बताए । सङ्घीय संरचनामा पानीको बाँडफाँड महत्त्वपूर्ण भएको सचिव दवाडीको भनाई थियो ।

जल तथा उर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले देशको प्रमुख स्रोतका रुपमा रहेको जलस्रोतको प्रभावकारी प्रयोगका लागि नदी बेसिन योजनालाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताए ।

आयोगले पानीको समुचित प्रयोगका लागि कर्णालीको तल्लो भेरी सबबेसिन र बागमतीको रोशी सबबेसिन क्षेत्रको अध्ययन गर्न लागेको छ । कार्यक्रममा एशियाली विकास बैँकका देशीय निर्देशक अर्नाउड काउकोइच र विश्व बैंकका देशीय निर्देशक डेभिड सिस्लेनले जलस्रोत क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि दातृ निकायको साथ र सहयोग सँधै रहने बताए ।

कार्यक्रममा जलस्रोत विकास संस्थाका अध्यक्ष बालकृष्ण प्रसाईले जलवायु परिवर्तनका कारण पानीको संकट चुलिँदै गएकाले यसको संरक्षणका लागि एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । रासस

# हिंसाबाट दलित महिला बढी प्रताडित




**काठमाडौं ।**
नेपाली सामाजमा हिंसाबाट दलित महिलाहरू बढी प्रताडित हुने गरेको पाइएको छ । समग्रमा सबै महिलाले भोग्ने हिंसा दलित महिलाले पनि भोग्नु परेको छ । त्यसका अतिरिक्त दलित महिलाले जातीय, पितृसत्ता, वर्गीय, आर्थिक, सामाजिक कारणले थप हिंसाको सामना गर्नु परिरहेको विभिन्न अध्ययनले देखाएका छन् ।

दलित महिला सङ्घ (फेडो) ले २०८१ मा गरेको अध्ययनअनुसार नेपाल प्रहरीको विवरणमा हिंसापीडित दलित महिलाको कुल सङ्ख्या ११ दशमलव ५४ प्रतिशत छ । हिंसापीडित दलित बालिकाको सङ्ख्या १९ दशमलव ४४ प्रतिशत छ । राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये ११ दशमलव ३४ प्रतिशत दलित महिलासँग सम्बन्धित छन् । ओरेक नेपालको अभिलेखअनुसार हिंसापीडित महिलामा दलित महिलाको सङ्ख्या २७ प्रतिशत छ । इन्सेकको अभिलेखमा पनि दोस्रो बढी हिंसामा पर्ने महिलामा दलित छन् ।

जसमा दलित महिला २२ दशमलव ५८ प्रतिशत छन् । उल्लिखित तथ्याङ्क पीडकका तर्फबाट उजुरी आएका मात्र हुन् । थप हिंसाको डर र न्यायिक प्रक्रियामा कमजोर उपस्थितिका कारण पनि दलित महिलासँग जोडिएका धेरैजसो हिंसा घटनाहरू गुपचुप नै रहने गरेको अधिकारकर्मीहरूको दाबी छ ।

दलित र दलित महिलाहरूप्रति हुने विभेद र दमनको विकराल रुप अन्तरजातीय विवाहमा देखिएको फेडोले जनाएको छ । अन्तरजातीय विवाह गरेका ७१ दशमलव सात प्रतिशत महिलाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा डर, धाक र धम्कीको सामना गर्नु परेको छ । साथै सार्वजनिक स्थानमा दुव्र्यवहार र अपमान भोग्नेहरूमा ७० दशमलव आठ प्रतिशत छन् । चरित्र हत्या गर्ने वा चरित्रलाई हल्का रूपमा लिने सामाजिक मनोवृत्तिका कारण धेरै दलित महिलाको जीवन प्रभावित भएको फेडोकी महासचिव रेणु सिजापतीले बताइन् ।

अन्तरजातीय विवाह गरेका दम्पतीबाट जन्मिएका २५ दशमलव आठ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको छैन । जसले गर्दा उनीहरूले स्कुल भर्नामा समस्या भोग्न परेको र सरकारले प्रदान गरेको सेवासुविधाबाट पनि वञ्चित हुन पुगेका महासचिव सिजापतिको भनाइ छ । रासस

# मन्त्री पाण्डेलाई 'टुरिजम मिनिस्टर अफ द एयर अवार्ड'

**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई जर्मनीको बर्लिनमा 'टुरिजम मिनिस्टर अफ द एयर अवार्ड' प्रदान गरिएको छ ।

बर्लिनमा प्यासिफिक एसिया ट्राभल राइटर्स एसोसिएसन (पाटवा) ले आयोजना गरेको 'वल्ड् टुरिजम एन्ड एभिएसन समिट–२०२५' का अवसरमा मन्त्री पाण्डेलाई हिमालय क्षेत्रका मुलुकहरूबाट वर्षको उत्कृष्ट पर्यटनमन्त्रीका रूपमा अवार्ड प्रदान गरिएको नेपाल पर्यटन बोर्डले विज्ञप्तिमार्फत जनाएको छ । सन् १९९९ देखि आइटिबी बर्लिनको वार्षिक समारोहमा प्रदान गरिँदै आएको यो अवार्ड पर्यटन क्षेत्रमा विशेष योगदान गरेको मुलुकका पर्यटनमन्त्रीलाई प्रदान गर्ने गरिन्छ ।

नेपालका लागि ऐतिहासिक रूपमा महत्वपूर्ण मानिएको यो अवार्ड पाउनु नेपालमा पर्यटन प्रवद्र्धनका लागि अवलम्बन गरिएका नीति तथा योजनाहरूको अन्तरराष्ट्रिय मान्यता भएको बर्लिनमा सहभागी पर्यटन व्यवसायीहरूले प्रतिक्रिया दिएका बोर्डले जनाएको छ ।

अवार्ड ग्रहण गरेपछि मन्त्री पाण्डेले यस उपलब्धिलाई व्यक्तिगतभन्दा पनि नेपालकै पर्यटन क्षेत्रका लागि ठूलो सम्मानका रूपमा लिनुपर्ने बताए । उनले भने,'पाटवाबाट यो प्रतिष्ठित अवार्ड ग्रहण गर्न पाउनु खुसीको कुरा हो । यो अवार्ड मेरो मात्र होइन, नेपालको पर्यटन क्षेत्र र यसलाई विश्वस्तरमा स्थापित गर्न अहोरात्र मेहनत गरिरहेका सम्पूर्ण सरोकार भएका निकायको सम्मान हो । नेपालको पर्यटन सधैँ नवप्रवर्तन, सामुदायिक सहभागिता र दृढताका आधारमा अघि बढ्दै आएको छ । यो अवार्डले हामीलाई अझ दिगो र समावेशी पर्यटनका क्षेत्रमा काम गर्न प्रेरित गरेको छ ।'मन्त्री पाण्डेले प्रविधिको विकाससँगै आएको 'आर्टिफिसियल इन्टेलिजेन्स'ले पर्यटन क्षेत्रमा ठूलो योगदान गरिरहेको समेत बताए । उनले प्रविधिलाई समुदाय–सञ्चालित पर्यटनसँग सन्तुलनमा राख्दै नेपालको मौलिकता जोगाउनु सरकारको लक्ष्य हुने उल्लेख गरे । रासस

# ‘हिजो अर्काको मेलापर्म आज सफल व्यवसायी’



**सागर गिरि**
**तनहुँ ।**
तनहुँको बन्दीपुर गाउँपालिका–१ का दामोदर ढकाल २०६४ देखि व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । हाल ५० रोपनी जमिनमा खेती गरिरहेको उनले वार्षिक १५ लाखसम्म आम्दानी हुने गरेको बताए ।
२२ वर्षअघि कास्कीबाट यहाँ बसाइँसराइ गर्दा ढकालले अरूको मेलापात गरेर जीविकोपार्जन गर्नुपर्ने अवस्था थियो । केही वर्ष गाउँमै मेलापात गरेपछि उनी कामका लागि भारत गए । त्यहाँ १० वर्षजति बिताएपछि फेरि आफ्नै गाउँ फर्किए । त्यसपछि कहिल्यै गाउँ छोड्न मन लागेन । अनि सुरु भयो, गाउँमै तरकारीखेती । निरन्तर प्रयास गरे के हुँदैन ? त्यसैको उदाहरण बनेका छन् ढकाल । सुरुमा दुई–तीन रोपनीमा खेती गरेका उनले हाल ५० रोपनीमा विस्तार गरेका छन् ।
‘पहिले पहिले अरूको मेलापर्म गरेर जीविकोपार्जन गरिन्थ्यो । कामका लागि भारत पनि गइयो तर त्यहाँबाट फर्केपछि भने आफ्नै देशमा केही गर्नुपर्छ भनेर खेती सुरु गरेँ । राम्रै भयो, यदि काम गर्ने इच्छा शक्ति छ भने देशमै धेरै अवसर रहेछन् भन्ने कुरा धेरैपछि थाहा पाएँ तर त्यसपछि पछाडि फर्केर हेर्नुपरेको छैन । मिहिनेत गरेर विगतमा बाँझो रहेको जग्गाबाटै हाल लाखौँ कमाई गरिरहेको छु’, ढकालले भने ।
उनी बाह्रैमास तरकारीखेती गर्छन् ।
टनेलमा बाह्रैमास गोलभैँडा, मौसमअनुसारका तरकारी । केराउ, काउली, फर्सी, करेला, घिरौँला, खुर्सानी र बेमौसमी तरकारीले सधैँ फल्छन् उनको बारीमा । पछिल्लो समय तरकारीका साथै बिरुवासमेत उत्पादन गरेर बिक्री गर्ने गरेको ढकालले जानकारी दिए । करिब चार रोपनी जग्गामा मौसमी तथा बेमौसमी जातका तरकारी र फलफूलका बिरुवा उत्पादन गर्ने गरेको उनले बताए ।
तरकारी खेती गरिरहेको सबै जग्गा भने उनको आफ्नै होइन ।
वार्षिक दुई लाख तिर्ने गरी ५० रोपनी जग्गा भाँडामा लिएका छन् । ढकालले उत्पादनको राम्रो खपत हुन थालेपछि थप १० रोपनी जग्गामा व्यवसाय विस्तारको योजना बनाएका छन् ।
उनले भने, ’उत्पादन गरेका तरकारी बन्दीपुर, डुम्रे, दमौलीलगायत बजारमा बिक्री गर्दै आएको छु । पोखराबाट समेत व्यापारीहरू तरकारी लिन आउने गरेका छन् । यो सबै गरी वार्षिक ८० लाख रुपैयाँसम्म कारोबार हुने गरेको छ । त्यसमा सबै खर्च कटाएर १५ लाख रुपैयाँ बचत हुने गरेको छ । अब थप व्यवसाय विस्तारको योजना बनाइरहेको छु ।’
विगतमा अर्कोको बनिबुतो गरेर खाने ढकालले यसै व्यवसायबाट परिवारको लालनपालन र छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिएका छन् । ’तरकारीखेतीबाट राम्रो आम्दानी भएकाले छोराछोरीलाई स्नातक तहसम्म पढाउन सफल भएँ । अर्काको देशमा नोकरी गरेर बसेको भए खै ? यो सम्भव हुन्थ्यो या हुन्थेन, समयमै आफ्नै स्वदेशमा कृषि पेसा गरेकाले अहिले सबै राम्रो भइरहेको छ । आम्दानी र सन्तुष्टि दुवै’, ढकालको भनाइ छ ।
हाल उनकी एक छोरी विदेश र छोरा शिक्षक छन् । ३० लाख रुपैयाँ खर्चेर बस्न लायक घर बनाएका छन् । आफ्नै नाममा दुई रोपनी जग्गा जोडेका छन् । तरकारीको बजारीकरणका लागि बोलेरो जिप, मोटरसाइकल र स्कुटर किनेका छन् । आफ्नो व्यवसाय विकासका लागि बन्दीपुर गाउँपालिका र कृषि ज्ञान केन्द्रले पनि सहयोग गरेको ढकालले जानकारी दिए । तीन वर्षसम्म टनेल प्रविधिमा सहयोग पाएको उनले बताए ।
’कृषि व्यवसाय विस्तारका लागि हालसम्म १० लाख रुपैयाँ बराबरको अनुदान प्राप्त गरेँ । कृषि विषयमा अध्ययन अनुसन्धान गर्न कृषि ज्ञान केन्द्रले भारत भ्रमणमा समेत पठाएको छ । कामको खोजीमा जानुभन्दा र व्यवसायीका रूपमा भारत भ्रमणमा जानुको आनन्द नै बेग्लै हुँदो रहेछ’, उनले खुसी साटे ।
व्यवसायी ढकालले बजारको मागअनुसार उत्पादन र त्यसअनुसार व्यवस्थापनको काममा निरन्तर लागिरहेको बताए । ’कृषिकर्म नै हो नेपालको समृद्धिको आधार । हामीसँग भएको यो उर्वरभूमिमा लगनका साथ पसिना चुहाउने हो भने रोजगारीका लागि विदेश नै जानुपर्दैन ।
त्यसको उदाहरण म आफैँ हो’, उनको कथन छ, ’यदि म निराश भएको भए आजको यो अवस्था हुन्थे । विदेशै भए पनि आफ्नै देशमा घर, परिवार, समाज र आफन्त, साथीभाइसँग बसेजस्तो आनन्द र सन्तुष्टि हुन्थेन । यो सबैले बुझ्न जुरुरी छ ।’ रासस

# पाराएथलेटिक्स टोली भारत जाँदै




**काठमाडौँ ।**
विश्व पाराएथलेटिक्स ग्रान्ड प्रिक्समा नेपालबाट छ जना खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । भारतको नयाँ दिल्लीमा यही मार्च ७ देखि १४ तारिख (फागुन २३ देखि आगामी चैत १ गते) सम्म हुने उक्त प्रतियोगितामा पाँच पुरुष र एक महिला खेलाडीले नेपालको तर्फबाट चुनौती प्रस्तुत गर्नेछन् ।
टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य–सचिव टङ्कलाल घिसिङले विहीबार काठमाडौँमा आयोजित एक कार्यक्रममा खेलाडीसहित १० सदस्यीय नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरे ।
पुरुष चार सय मिटर दौडमा नवराज कार्की र गोविन्द गिरी, सटपुटमा हिमाल अर्याल र फणिनारायण पौडेल तथा डिस्कस थ्रोमा राजु गुरुङले सहभागिता जनाउने छन् । गोविन्दले ज्याभ्लिन थ्रोमा पनि प्रतिस्पर्धा गर्नेछन् । प्रभा आङदेम्बेले महिला दुई सय, चार सय मिटर दौड र लङजम्पमा भाग लिनेछिन् ।
‘अफिसियल’मा राखेपकी सदस्य अन्जना श्रेष्ठ र मुक्तिनाथ अधिकारी, व्यवस्थापकमा ओमनाथ सिवाकोटी र प्रशिक्षकमा विमला राना मगर छन् । एक महिनाको अन्तरालमा नेपालले पाराएथलेक्टसमा सहभागिता जनाएको यो दोस्रो पटक हो ।
नेपालले गत फेब्रुअरी ४ देखि १४ तारिखसम्म दुबईमा भएको ग्रान्ड प्रिक्समा सहभागिता जनाएको थियो ।
खेलाडीमा प्रभा र नवराज तथा प्रशिक्षकमा विमला उक्त टोलीमा पनि दोहोरिएका थिए । दुबईमा गरेको प्रदर्शनका आधारमा प्रभा र नवराजलाई पुनः टोलीमा समावेश गरिएको राखेपले जनाएको छ । नेपाली टोलि शुक्रबार भारतको नयाँ दिल्ली प्रस्थान गर्नेछन् । रासस

# लगातार घट्दो अमेरिकी डलरको भाउ

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको विदेशी मुद्राको विनिमय दर अनुसार अमेरिकी डलर एकको खरिदर १३८ रुपैयाँ ८४ पैसा र बिक्रीदर १३९ रुपैयाँ ४४ पैसा कायम भएको छ ।
पछिल्लो समय अमेरिकी डलरको भाउ लगातार घसटरहेको छ ।
युरोपियन युरो एकको खरिदर १४८ रुपैयाँ २९ पैसा र बिक्रीदर १४८ रुपैयाँ ९२ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७८ रुपैयाँ ११ पैसा र बिक्रीदर १७८ रुपैयाँ ८८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५६ रुपैयाँ १७ पैसा र बिक्रीदर १५६ रुपैयाँ ८४ पैसा कायम गरिएको छ ।
अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ १८ पैसा र बिक्रीदर ८७ रुपैयाँ ५६ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रुपैयाँ ५४ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९६ पैसा,



सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ८० पैसा र बिक्रीदर १०४ रुपैयाँ २५ पैसा निर्धारण गरिएको छ ।
जापानी येन १० को खरिदर नौ रुपैयाँ २९ पैसा र बिक्रीदर नौ रुपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ १२ पैसा र बिक्रीदर १९ रुपैयाँ २० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ दुई पैसा र बिक्रीदर ३७ रुपैयाँ १८ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ नौ पैसा र बिक्रीदर ३८ रुपैयाँ २६ पैसा कायम भएको छ ।
केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १२ पैसा र बिक्रीदर चार रुपैयाँ १४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ८० पैसा र बिक्रीदर ३७ रुपैयाँ ९७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३४ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४८ पैसा, साउथकोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५७ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, स्विडिसक्रोनर एकको खरिददर १३ रुपैयाँ ४५ पैसा र बिक्रीदर १३ रुपैयाँ ५१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८८ पैसा र बिक्रीदर १९ रुपैयाँ ९७ पैसा तोकिएको छ ।
राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिदर १७ रुपैयाँ ८६ पैसा र बिक्रीदर १७ रुपैयाँ ९४ पैसा, कुवेतीदिनार एकको खरिददर ४४९ रुपैयाँ ९६ पैसा र बिक्रीदर ४५१ रुपैयाँ ९१ पैसा, बहराइनदिनार एकको खरिददर ३६८ रुपैयाँ ३० पैसा र बिक्रीदर ३६९ रुपैयाँ ८९ पैसा, ओमनी रियाल एकको खरिददर ३६० रुयैयाँ ६४ पैसा र बिक्रीदर ३६२ रुपैयाँ २० पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।राष्ट्रबैङ्कलेयोविनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको ‘वेबसाइट’मा उपलब्ध हुने जनाइएको छ । रासस

# सातै प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना हुँदै




**काठमाडौँ ।**
रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सातै प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्ने भएको छ ।
पहिलो चरणमा मधेस प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्ने मन्त्रिपरिषद्को निर्णयअनुसार यही फागुन २० गते भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरी र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच जग्गा प्राप्तिसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय साउदी सरकारबाट बहुउद्देश्यीय पोलिटेक्निक इन्स्टिच्युट निर्माण गर्न प्राप्त १० लाख अमेरिकी डलर महोत्तरीको बलवा नगरपालिकामा उपयोग गरिने भएको छ ।
अन्तरराष्ट्रिय श्रम सङ्गठनको प्राविधिक सहयोगमा इन्स्टिच्युट स्थापनाको प्रक्रिया प्रारम्भ भएको हो ।
प्रतिष्ठान मातहतका विभिन्न व्यावसायिक प्रशिक्षण केन्द्रमार्फत श्रम बजार लक्षित सीपमूलक तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन, सीप परीक्षण तथा प्रमाणीकरणलाई प्राथमिकतामा राखिएको जनाउँदै बुधबार जारी प्रेस विज्ञप्तिमा प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग द्विपक्षीय संवाद र समन्वयलाई निरन्तर अघि बढाइएको उल्लेख छ ।
प्रशिक्षण केन्द्र श्रम बजारको मागअनुसार सीपयुक्त मानव संसाधन उत्पादन गर्दै आन्तरिक तथा वैदेशिक रोजगारीका अवसर वृद्धि गर्न लाभदायक हुने विश्वास विज्ञप्तिमा व्यक्त गरिएको छ । रासस

# बढ्दो अन्तर्राष्ट्रिय ‘अनिश्चितता’को सामना गर्दैं चिनियाँ अर्थतन्त्र

**बेइजिङ ।**
चीनको अर्थतन्त्रले अन्तर्राष्ट्रिय परिवेशमा बढ्दो ‘अनिश्चितता’का साथै अपर्याप्त आन्तरिक मागको सामना गरिरहेको एक उच्च वित्तीय अधिकारीले बिहीबार बताएका छन् ।
संयुक्त राज्य अमेरिकासँग बढ्दो व्यापार युद्धले निर्यातमा असर पारेकाले बेइजिङले पाँच प्रतिशतको हाराहारीमा वार्षिक वृद्धिको महत्वांक्षी वार्षिक वृद्धिको लक्ष्य राखेको छ ।
अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले यसै साता चिनियाँ आयातमा थप कर वृद्धि गर्नुभएको छ । ट्रम्पले आफ्नो सपथ ग्रहण समारोहमा जनाएको प्रतिवद्धता अनुसार कर वृद्धि हुने बताएका हुन् ।
चीनको राष्ट्रिय विकास तथा सुधार आयोगका अध्यक्ष झेङ शान्जीले एक पत्रकार सम्मेलनमा भने,‘चीनले यो वर्ष आफ्नो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सक्छ भन्नेमा उसलाई पूर्ण विश्वास छ ।’ ‘हामीसँग यस वर्षको पाँच प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने आधारभूत समर्थन र सुनिश्चितता छ,’ झेङले भने ।
बेइजिङको वार्षिक दुई सत्रको राजनीतिक बैठकका क्रममा बोल्दै झेङले ‘बाह्य वातावरणमा अनिश्चितता झन् बढ्दै गएको’ स्वीकारेका छन् । उनले भने, ‘केही उद्योग र केही उद्यममा अपर्याप्त आन्तरिक माग, उत्पादन र सञ्चालनको कठिनाइजस्ता केही समस्या पनि हामीले सामना गरिरहेका छौँ ।’ ‘यद्यपि, हामीलाई लाग्छ कि यी कठिनाइ र चुनौतीहरू विकास र प्रगतिको प्रक्रियामा छन्, र ती सबै पार गर्न र समाधान गर्न सकिन्छ,’ झेङले भने ।
प्रधानमन्त्री ली कियाङले बुधबार कम्युनिस्ट पार्टीको वार्षिक सम्मेलनमा घोषणा गरेको चीनको महत्वपूर्ण वृद्धिको आँकडा व्यापक रूपमा विश्लेषकहरूको एएफपी सर्वेक्षणसँग मिल्दोजुल्दो थियो, यद्यपि विशेषज्ञहरूले चीनको आर्थिक चुनौतीहरूको परिमाणलाई ध्यानमा राख्दै यो महत्वाकांक्षी रहेको बताएका छन् ।
विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको यो अर्थतन्त्रले कोभिड–१९ को महामारीपछि आफ्नो स्थान पुनः प्राप्त गर्न सङ्घर्ष गरिरहेको छ, घरेलु उपभोग र विशाल सम्पत्ति क्षेत्रमा निरन्तर ऋण सङ्कट जारी छ ।
ट्रम्पको पछिल्लो चरणको करवृद्धिले चीनले सामना गर्नुपरेको अवरोधलाई थप बढाएको छ ।
यी करहरूले विश्वका दुई ठूला अर्थतन्त्रहरूबीचको कुल व्यापारमा सयौँ अर्ब डलरको असर पार्ने अनुमान गरिएको छ ।
बेइजिङले वासिङ्टनको पछिल्लो कर वृद्धिको प्रतिशोधस्वरूप मङ्गलबार आफ्नै उपायहरूको घोषणा गरेको छ र ‘तीतो अन्त्य’ को लागि व्यापार युद्ध लड्ने प्रतिबद्धता व्यक्त गरेको छ । यो कदमले चीनले सोयाबिन, सुँगुरको मासु र गहुँलगायत अमेरिकी कृषि उत्पादनहरूमा अर्को हप्ताको सुरुदेखि १५ प्रतिशतसम्म कर लगाउनेछ । रासस

# सुशासनको निम्ति सबैभन्दा पहिला भ्रष्टाचार अन्त्य गर्नुपर्छः अधिकारी




नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को सम्पर्क समन्वय प्रदेश समितिका अध्यक्ष समेत रहेका श्रीकृष्णप्रसाद अधिकारी राष्ट्रियससभाको सदस्य हुन् । नुवाकोट सूर्यगढी गाउँपालिका–२ का स्थायी बासिन्दा उनी अल्पसंख्यक तथा अपाङ्गता कोटाबाट बागमती प्रदेशबाट सदस्य बनेका हुन् । उनी २०३८ सालदेखि कम्युनिष्ट पार्टीमा आबद्ध रही निरन्तर राजनीतिमा सक्रिय छन् ।

सङ्घीय संसद्, राष्ट्रियसभाको सदस्य भएको एक वर्ष भयो । राष्ट्रियसभाको महत्व, गरिमा र भूमिकाको बारेमा





मानिसहरूले आलोचना गरेको देख्छु । मेरो यो एक वर्षको अनुभवमा राष्ट्रियसभा धेरै नै प्रभावकारी ढङ्गबाट अगाडि बढिरहेको छ । यो सभा विशेष गरी प्रदेश र स्थानीय तहप्रति उत्तरदायी हुने सभा पनि हो । यसले जनताका समस्यालाई केन्द्रित गर्नेदेखि कानुन निर्माणमा काम गर्दै आएको छ । यो सभा संविधानको मर्मअनुरुपका कानुन निर्माण गर्ने विषयमा संवेदनशील छ । मेरो आफ्नै अनुभवमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै संविधानलाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि यसको ओज र गरिमा उत्तिकै महत्वपूर्ण छ ।

राष्ट्रियसभाले नीतिनिर्माण गर्ने कार्य सचेततापूर्वक गरिरहेको छ । यसका आफ्ना विषयगत समितिहरू पनि सक्रिय रहेका छन् । म सार्वजनिक नीति तथा प्रत्यायोजन विधायन समितिको सदस्य पनि हो । समितिले विशेष गरी सरकारी आश्वासनसँग सम्बन्धित विषयलाई हेर्दै आएको छ । मूल ऐनमा कति दुरुपयोग भएको छ भनेर समितिले हेर्ने गरेको छ । अर्को भनेको सार्वजनिक नीतिनिर्माणको सन्दर्भमा समस्याको पहिचान गरि समाधानको निम्ति पहल गर्ने काम पनि समितिले गर्दै आएको छ । नीति निर्माणमा भएका त्रुटिहरूलाई खोतल्ने काम हो । राष्ट्रिय पुरातात्विक सम्पदाको अध्ययन गर्ने र संरक्षण गर्ने कार्य पनि यस समितिको कार्यक्षेत्रभित्र रहेको छ । ऐतिहासिक दस्तावेजको खोजी कार्य पनि यस समितिको अर्को महत्वपूर्ण कार्य हो । राष्ट्रियसभाअन्तर्गतका विषयगत समितिहरूले पनि त्यसरी नै काम गरिरहेका छन् । त्यसैले अनुशासन, जिम्मेवारी, व्यापकता र परिपक्कताको दृष्टिले यो सभाले आफूलाई अझ सुदृढ गर्दै लगिराखेको छ । तर जतिभित्र काम भइरहेको छ, बाहिर राष्ट्रिसभाको भूमिकालाई न्यूनीकरण गर्ने प्रयास गरिएको छ । राष्ट्रियसभालाई प्रतिनिधिसभाको छायाँको रुपमा लिनुहुँदैन । राजनीतिक दलका कार्यकर्ता थन्क्याउने थलोका रुपमा हेरिनुहुँदैन ।

संविधान कार्यान्वयनको कुरा गर्दा, केही मानिसलाई यो खालको संविधानको चाहना थिएन । पुरानो संसदीय यथास्थितिबाट अघि बढेर जनतालाई पहिलोपटक सार्वभौमसत्ताको मालिक बनाएर जनताको अधिकार सुनिश्चित गरेको यो संविधानले हो । नेपालका सबै प्रकारका उत्पीडन र विभेदलाई न्यूनीकरण गर्ने ढङ्गले महिला, आदिवासी जनजाति, मधेसी, दलितलगायतका समुदायलाई विशेष अधिकार दिने ढङ्गले संविधान आएको छ । यद्यपी, एकथरि मानिस उही पुरातन सोचबाट ग्रसित छन् । उनीहरूमा यो संविधानको पूर्ण कार्यान्वयन होस् भन्ने चाहना छैन । यही कारण संविधान जति प्रभावकारी र सक्रियतापूर्वक कार्यान्वयन हुनुपर्ने हो त्यति हुन नसकेको हो ।

संविधान संशोधनको विषयमा कुरा गर्नुपर्दा, यथास्थितिमा पछाडि फर्किनका लागि संविधान संशोधन गर्नुहुँदैन । सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी, समानुपातिक, धर्मनिरपेक्षतालाई उल्ट्याउने ढङ्गले संशोधन हुनुहुँदैन । संविधानका अन्तर्वस्तुलाई कमजोर पार्ने गरी संविधान संशोधन गर्नुको कुनै अर्थ छैन । संविधानले संस्थागत गरेका अधिकारलाई अझै पूर्ण कार्यान्वयनमा जोड दिनुपर्ने हो । त्यसो हुन सकेको छैन । तैपनि संविधान संशोधन अगाडि बढ्नका लागि आवश्यक छ । जस्तो, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, दलित, महिला, मधेसी, मुस्लिमलगायत उत्पीडित समुदायको अधिकारलाई बढाउने गरी संविधान संशोधन आवश्यक छ । तर सरकारले अघि सार्न खोजेको भनी चर्चामा रहेका संविधान संशोधनका विषयहरू भने पश्चगामी छन् । त्यो खालको संशोधनको कुनै अर्थ छैन ।

मुलुकमा अहिले सुशासनको अत्यधिक खाँचो छ । सुशासनको निम्ति सबैभन्दा पहिला सङ्घीय सरकारदेखि स्थानीय तहसम्म फैलिएको भ्रष्टाचार अन्त्य गर्नुपर्छ । त्यसको नियन्त्रण नगरी सुशासन हँुदैन । भ्रष्टाचारीलाई कानुनको दायरामा नल्याएसम्म सुशासन हुँदैन । कुनै पनि भ्रष्टाचारीलाई सरकारले संरक्षण दिनुहुँदैन । सुशासन कायम गर्न पहिला तीनै तहका सरकारभित्रको विकृति हटाउनुपर्छ । सुशासन कायम नहुँदासम्म मुलुकको आर्थिक समृद्धि र सामाजिक न्याय स्थापित गर्ने विषय र जनताका आधारभूत आवश्यकता पूरा गर्दै जनताको जीवनस्तरलाई माथि उठाउन सकिँदैन ।

सङ्घीयता सुदृढीकरणका लागि संविधानको मर्मअनुसार काम गर्नुपर्छ । सङ्घीयता भनेको जनतालाई अधिकारसम्पन्न बनाउने हो । विकेन्द्रित रुपमा अधिकार जनताको घरदैलोमा पुर्‍याउने हो । सङ्घीयता कार्यान्वयन हुन नदिनका लागि सङ्घीयता विरोधीहरूले सङ्घीयताका सबल पक्षलाई विकृत पार्ने र सङ्घीयता नै काम छैन भन्ने भाष्य सिर्जना गर्न खोजिरहेका छन् । सङ्घीयता पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्छ । सङ्घीयता कार्यान्वयनका लागि सरकारले कानुन निर्माणको क्रममा सङ्घीय निजामती सेवा ऐन, सङ्घीय प्रहरी ऐन र सङ्घीय शिक्षा ऐन जतिसक्दो चाँडो ल्याउनुपर्छ । सङ्घीयताको पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक कानुन निर्माणमा तीव्रता दिनुपर्छ ।

देशबाट बढ्दै गरेको युवा पलायनलाई रोक्न सरकारले देशभित्रै रोजगारीका अवसर सिर्जना गर्नुपर्छ । कृषि व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । अर्को, पर्यटन व्यवसायलाई सुदृढ गर्नुपर्ने हुन्छ । त्यसैगरी विद्युत् उत्पादनमा जोड दिनुपर्छ । बाध्यताले श्रमको लागि विदेश जाने युवालाई रोक्नका लागि मुलुकमा राजनीतिक, आर्थिक, सामाजिक स्थायित्व जरुरत पनि पर्दछ । युवाको सवालमा सरकारले ठीक ढङ्गबाट योजना बनाएर कार्यान्वयन गर्नुपर्ने हुन्छ । देशभित्रै आयआर्जन र रोजगारी सिर्जना गर्दा युवा पलायन रोक्न सकिन्छ ।

राष्ट्रियसभामा रहँदैगर्दा मुख्य त कानुन निर्माणमै मेरो महत्वपूर्ण भूमिका हुन्छ । सँगसँगै जनताका सवाललाई संसद्मा गम्भीरतापूर्वक उठाउनुमा मेरो भूमिका हुन्छ ।

जनहित र राष्ट्रहितको पक्षमा काम गर्नुपर्ने छ । बनिसकेका कानुन कार्यान्वयनमा मेरो जोड रहन्छ । सबै प्रकारका विभेद अन्त्य गर्नका लागि मेरो भूमिका हुन्छ । अहिले पनि देशका विभिन्न स्थानमा बालिकामाथि बलात्कारका घटना भइरहेका छन् । त्यसको अन्त्य गर्नेतर्फ संसद्मा आवाज उठाउनेतर्फ मेरो भूमिका हुनेछ । रासस

# भिट्ठामोड सुक्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने अध्यक्ष दाहालको प्रतिबद्धता

**मधेशदृष्टि**
**महोत्तरी ।**
पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले महोत्तरीको भिट्ठामोड सुक्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । भारतीय सिमाना नजिक बनाइने प्रस्तावित सुक्खा बन्दरगाह निर्माणस्थलको अवलोकनपछि जलेश्वर उद्योग वाणिज्य सङ्घले बिहीबार भिट्ठामोडमा आयोजना गरेको छलफलमा उनले सो प्रतिबद्धता जनाएका हुन् । आफ्नो पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी, तराई मधेश जागरण अभियानको एउटा उद्देश्य सीमा क्षेत्रका जनताको अवस्था बुझ्ने र विकास निर्माणका काम अघि बढाउने




उनले बताएको अध्यक्ष दाहालको निजी सचिवायलय जनाएको छ ।
अध्यक्ष दाहालसमक्ष जलेश्वर उद्योग वाणिज्य सङ्घले ज्ञापनपत्र पनि बुझाएको थियो । कोलकाता बन्दरगाहबाट तेस्रो मुलुकका सामान आयात निर्यात गर्न जलेश्वर भन्सारबाट एकतर्फी २२५ किलोमिटर मात्रै रहेको जानकारी गराउँदै सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले यो बन्दरगाह मधेसका सबै जिल्लालाई पायक पर्ने स्थान बताए ।
यसैबीच नेकपा माओवादी केन्द्रले शुरु गरेको 'जनतासँग माओवादीः तराई–मधेश जागरण अभियान' को समय तालिका हेरफेर भएको छ । पार्टीका जनसंगठनको भेला लगायतका कार्यक्रम परेकाले अभियानको समय तालिकामा केही हेरफेर गरिएको माओवादी केन्द्रले जनाएको छ । नयाँ कार्यक्रम तालिका अनुसार अभियानको तयारी गर्न भन्दै माओवादीले मातहतका पार्टी संगठनलाई सर्कुलर पठाएको छ । नयाँ समय तालिका अनुसार बिहीबार महोत्तरी, २३ गते सर्लाही, २४ गते रौतहट, २५ गते बारा र २६ गते पर्सामा कार्यक्रम हुनेछ ।



***वीरगंजस्थित घण्टाघर मर्मतसम्भारः*** *दुई साता अघि वीरगंजस्थित घण्टाघरको केही भाग चर्किएपछि मर्मतसम्भारको लागि बाधिएको खट । वीरगंज महानगरले आवश्यक मर्मतसम्भारको काम अघि बढाएको हो ।*
*तस्बिरः हिमाल लम्साल/ रासस*

# साढे १२ करोडको लगानीमा वाटर पार्कको निर्माण, एकसय जनालाई रोजगारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा साढे १२ करोडको लगानीमा वाटर पार्कको निर्माण भएको छ । क्षीरेश्वरनाथ १ स्थित वंडरलैड वाटर पार्कको निर्माण भएपछि जनकपुरधाम आउने पर्यटकहरुलाई केही हदसम्म यहाँ रोक्न मदत पुग्ने प्रबन्ध निर्देशक गुड्डु जयनले बताए । जनकपुरधाम–ढल्केवर ६ लेन सडक खण्डमा रहेको सो पार्कमा तत्काल एक सय जनाले रोजगारी पाउने र आगामी दिनमा पूर्ण रुपले निर्माण भएपछि करिब डेढ सय जनाले रोजगारी पाउने जैनले बताए ।
उनले अहिले वाटर पार्कमा काम गर्ने अनुभवी नेपाली नरहेकाले भारतबाट काम गर्नेहरुलाई बोलाइएको र पछि नेपालीहरुले यसमा काम गर्न सिकेपछि उनीहरुलाई विस्थापित गरेर नेपालीलाई नै राख्ने बताए । बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै पार्कका प्रबन्ध निर्देशक जैनले बढ्दो गर्मीवाट राहत पाउन तथा पानीमा रमाउन चाहनेहरुका लागि सो वाटर पार्क निक्कै लाभदायक हुने बताए ।
जानकी एण्ड फन पार्क रिसोर्ट प्राईभेट लिमिटेडद्वारा सञ्चालित रहेको सो वाटर पार्कको कूल लागत १२ करोड ५० लाख रहेको सो प्रालिका प्रबन्ध निर्देशक जैनले जानकारी दिए । वाटर पार्कमा थप संरचना तथा योजनाहरुको निर्माण भएपछि थप ७५ जनालाई रोजगारी दिन मिल्ने भएको प्रधन्ध निर्देशक जैनले जानकारी दिए । ३ लाख स्क्वायर फिटमा रहेको सो पार्कमा मल्टिलेन साईड २ लेन, वडी वेभ सलाईड, हाई स्पीड कडी स्लाईड, ओपेन वडी टर्निङ्ग सलाईड, वेभ पुल, रेन डान्स, ५ प्लेटफर्म वाटर प्ले सिस्टम, फुड कोर्ट र पार्टी हल रहने भएको छ ।
बिहान १०: ३० देखि ५ बजेसम्म खुल्ला रहने सो वाटर पार्कमा पानी शुद्धिकरणका लागि ४ वटा वार्टर ट्रिटमेन्ट प्लान्ट जडान गर्नुका साथै पार्कमा प्रवेश गर्नेका लागि ८ सय ४० शुल्क निर्धारुण गरिईएको छ ।
यसका साथै १८ हजार स्वायर फिट क्षेत्रफलमा रहेको मधेश प्रदेशकै सवै भन्दा ठूलो रेष्टुरेन्ट कम्पलेक्सको निर्माण गरिने भएको छ । वाटर पार्कको उद्घाटन नेपाली अभिनेत्री प्रियंका कार्कीले शुक्रवार गर्ने कार्यक्रम रहेको छ ।

# मधानी महोत्सवको खर्च विवरण सार्वजनिक




**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको मौलापुर नगरपालिकाद्वारा आयोजित छैटौँ मधानी महोत्सवको खर्च विवरण सार्वजनिक गरिएको छ ।
पुरातात्त्विक महादेव मन्दिरको प्राङ्गणमा एक कार्यक्रमको आयोजना गरी मेयर रिनाकुमारी साहको अध्यक्षता एवम् आमजनता पार्टीका अध्यक्ष प्रभु साहको प्रमुख आतिथ्यतामा महोत्सवको खर्च सार्वजनिक गरिएको हो । गत ११ गतेदेखि १५ गतेसम्म पाँच दिन चलेको मधानी महोत्सवमा नगरपालिकाबाट कुल ६६ लाख २३ हजार ३ सय रुपैयाँ खर्च भएको मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय रामबाबु साहले बताए । मधानी महोत्सव २०८१ मा ५ लाखभन्दा बढी श्रद्धालु भक्तजनहरूले अवलोकन गरेको थियो । महोत्सव अवधिमा मौलापुरमा १० करोड भन्दा बढीको आर्थिक कारोबार भएको तथा नगरवासी व्यापारीहरूले २ करोडभन्दा बढीको मुनाफा आर्जन गरेको अधिकृत साहले दाबी गरे ।

# गौशाला धर्मशाला मारवाडीले नै सञ्चालन गर्न पाउने




**मधेशदृष्टि**
**वीरगंज ।**
काठमाडौं महानगरपालिकाले गौशाला धर्मशाला सञ्चालन गर्न नपाउने भएको छ । उच्च अदालत पाटनले गौशाला धर्मशाला सञ्चालनका लागि काठमाडौं महानगर र पशुपति विकास कोषबीच भएको सम्झौता खारेज गरेको हो ।
बुधबार उच्च अदालत पाटनका न्यायाधीशद्वय मुनेन्द्रप्रसाद अवस्थी र हेमन्त रावलको इजलासले गौशाला धर्मशाला मारवाडी सेवा समितिले नै सञ्चालन गर्नुपर्ने आदेश दिएको हो । मारवाडी सेवा समितिलाई अधिकार खोसेर कोषले गत असोजमा गौशाला धर्मशाला सञ्चालनका लागि काठमाडौं महानगरसँग सम्झौता गरेको थियो ।
उक्त सम्झौतापछि महानगर र कोषले गौशाला धर्मशालाबाट मारवाडी सेवा समितिलाई हटाउन खोजेका थिए । गौशाला महानगरलाई चलाउन दिने कोषको निर्णयविरुद्ध मारवाडी सेवा समिति रिट लिएर उच्च अदालत पाटन पुगेको थियो । उच्च अदालत पाटनले २ कात्तिकमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यही रिटमाथि सुनुवाइ गर्दै २१ फागुनमा उच्च अदालत पाटनले काठमाडौं महानगर र पशुपति विकास कोषबीच भएको सम्झौता खारेज गरेको छ ।
यससँगै पशुपति गौशाला धर्मशाला मारवाडी सेवा समितिले चलाउने बाटो खुलेको हो । पशुपति क्षेत्र विकास कोष र मारवाडी सेवा समितिबिच १२ जेठ २०६० मा पशुपति गौशाला धर्मशाला चलाउने सम्झौता भएको थियो । तर, कोषले १७ साउन २०८० मा समितिसँग गरेको सम्झौता खारेज गरेको थियो । अदालतको आदेशपछि कोष र मारवाडी सेवा समितिबिच १२ जेठ २०६० मा भएको सम्झौता नै लागु हुनेछ ।

# अधिवेशन गर्न जसपा नेपालको परिपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले स्थानीय र प्रदेश तहलाई अधिवेशन गर्न परिपत्र जारी गरेको छ । पार्टीको केन्द्रीय समितिको बैठकले लोकतान्त्रिक विधि र प्रक्रियाअनुसार पार्टी सङ्गठन निर्माण तथा सञ्चालन गर्न र आन्तरिक लोकतान्त्रिक अभ्यास गर्न विभिन्न तहगत समितिको अधिवेशन गर्ने निर्णय गरी अधिवेशनको




कार्यतालिकासमेत निर्धारण गरेको प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिएका छन् ।
जसअनुसार २०८१ चैत्र मसान्तसम्म सबै स्थानीय तह वडा, पालिका र जिल्ला समितिहरुको अधिवेशन गरिसक्नुपर्ने छ । त्यसैगरी २०८२ बैशाख २५ गते भित्र सबै प्रदेश समिति र पहिचानमा आधारित राष्ट्रिय समितिहरुको अधिवेशन गर्नुपर्ने भनिएको बताइएको छ । पार्टीसम्बद्ध भ्रातृसङ्गठनहरुको अधिवशेन आगामी बैशाख मसान्तसम्म गरिसक्नुपर्ने छ । त्यसैगरी यही फागुन मसान्तभित्र पार्टी विधानअनुसार थप भएका सङ्गठित पार्टी सदस्यहरुको अभिलेख तयार गरी पार्टी केन्द्रीय कार्यालयमा बुझाउन पार्टीले निर्देश गरेको प्रमुख बस्नेतको भनाइ छ ।

# एसईईमा ५ लाख बढी विद्यार्थी सहभागी हुने




**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी ७ चैतदेखि शुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ५ लाख २२ हजार विद्यार्थी सहभागी हुने भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का अनुसार नियमिततर्फ ४ लाख ६८ हजार, ग्रेड वृद्धितर्फ ५० हजार ९२० र पुराना ग्रेड वृद्धिका लागि ४ हजार ९२ जनाले फारम भरेका छन् । २ हजार १ सय ३१ परीक्षा केन्द्र तोकिएको उक्त परीक्षाको तयारी अन्तिम चरणमा पुगेको छ । प्रश्नपत्र छपाइ धमाधम भइरहेको र छपाइस्थलमा सुरक्षा व्यवस्था कडा पारिएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । यस वर्ष जापानबाट पनि ३७ जना परीक्षार्थी एसईई दिने भएका छन् । जापानस्थित नेपाली पाठ्यक्रम अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि प्रश्नपत्र र उत्तरपुस्तिका पठाउने तयारी गरिएको छ । परीक्षा सकिएपछि उत्तरपुस्तिका नेपालमै ल्याएर परीक्षण गरिने परीक्षा नियन्त्रक कार्यालयले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन